छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २८ •अंक ८६ • २०८३ साल साउन २९ गते शुक्रबार (14 August, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्


## पत्रकार किशोर श्रेष्ठलाई तत्काल रिहा गर्न माग

**टुडे समाचारदाता**



काठमाण्डु । वरिष्ठ पत्रकार किशोर श्रेष्ठलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत काठमाण्डुले अनुमति दिएको छ। बिहीबार न्यायाधीश उमेशप्रसाद लुइटेलको इजलासले वैयक्तिक गोपनीयता हननसम्बन्धी कसुरमा अनुसन्धानका लागि श्रेष्ठलाई हिरासतमा राख्न अनुमति दिएको छ।

प्रहरीले वरिष्ठ पत्रकार श्रेष्ठलाई बुधबार साँझ ललितपुरको कुसुन्तीस्थित निवासबाट पक्राउ गरेको थियो। काठमाण्डु प्रहरी परिसरले अदालतबाट पक्राउ पुर्जी लिएर उनलाई पक्राउ गरेको जनाएको छ। बिहीबार प्रहरीले म्याद थपका लागि श्रेष्ठलाई जिल्ला अदालत काठमाडौंमा उपस्थित गराएको थियो।

श्रेष्ठ जनआस्था साप्ताहिक तथा जनआस्था डटकमका सञ्चालक-सम्पादक, आस्था मिडियाका अध्यक्ष तथा प्रकाशक हुन् । उनी प्रेस काउन्सिल नेपालका पूर्वकार्यवाहक अध्यक्ष तथा वर्ल्ड एसोसिएसन अफ प्रेस काउन्सिल्स (डब्लूएपीसी)का दोस्रो उपाध्यक्षसमेत हुन्।

वरिष्ठ पत्रकार श्रेष्ठको पक्राउप्रति डब्लूएपीसीले आपत्ति जनाउँदै तत्काल र निःशर्त रिहाइको माग गरेको छ।डब्लूएपीसी अध्यक्ष डेभिड ओम्वोयोले केन्याको राजधानी नैरोबीबाट जारी गरेको विज्ञप्तिमा सञ्चारमाध्यममा प्रकाशित सामग्रीका कारण पत्रकार पक्राउ पर्नु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि चिन्ताको विषय भएको उल्लेख गरेका छन्।

कुनै प्रकाशनले व्यक्तिको अधिकार उल्लंघन गरेको आरोप लागेमा त्यसको समाधान पारदर्शी, समानुपातिक र उचित कानुनी प्रक्रियाबाट हुनुपर्ने डब्लूएपीसीको भनाइ छ। श्रेष्ठ पक्राउ परेको केही घण्टामै प्रहरीले उनको कार्यालयमा छापा मारेर विभिन्न सामग्री नियन्त्रणमा लिएको घटनाप्रति पनि डब्लूएपीसीले गम्भीर चासो व्यक्त गरेको छ।

नेपाल बार एसोसिएसनले पत्रकार श्रेष्ठको गिरफ्तारीप्रति आपत्ति जनाउँदै तत्काल र निशर्त रिहा गर्न सरकारसंग माग गरेको छ।

### देउवा फर्किए, कांग्रेसमा अभिभावकत्वको परीक्षा

## भव्य स्वागतदेखि सरकारमाथि आक्रोशसम्म, शक्ति समीकरणमा नयाँ बहस

**टुडे समाचारदाता**

काठमाण्डु। पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा लामो समयको स्वास्थ्य उपचारपछि बिहीबार स्वदेश फर्किएसंगै कांग्रेसभित्रको शक्ति समीकरण र उनको आगामी भूमिकाबारे बहस चुलिएको छ।

हङकङबाट थाई एयरको उडानमार्फत बिहीबार मध्यान्ह करिब साढे १२ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुगेका निवर्तमान सभापति देउवाको स्वागतमा कांग्रेसका नेता-कार्यकर्ता तथा शुभेच्छुकको ठूलो भीड जम्मा भएको थियो। विमानस्थलबाट उनलाई चुनदेवीस्थित संस्थापनइतर समूहको सम्पर्क कार्यालयसम्म पुऱ्याउन सुरक्षाकर्मीलाई समेत हम्मेहम्मे परेको थियो।

बिहीबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले देउवाको स्वदेश फिर्तीको स्वागत गर्दै उनको स्वास्थ्यलाभको कामना गरेको छ। बैठकबाटे पार्टी र देशमा विधि तथा पद्धति स्थापित गर्न लामो संघर्ष गरेका देउवाले विशेष महाधिवेशनबाट आएको परिवर्तनलाई संस्थागत गर्दै पार्टी निर्माणमा निवर्तमान सभापतिका रूपमा 'अभिभावकीय भूमिका' निर्वाह गर्ने विश्वास व्यक्त गरेको छ।

कांग्रेसले लोकतान्त्रिक आन्दोलन तथा पार्टीको इतिहास निर्माणमा देउवाले गरेको योगदानको समेत सम्मान गरेको जनाएको छ। संस्थापनइतर समूहका नेता मीन विश्वकर्माले देउवाको आगमनसंगै पार्टीभित्र देखिएको मतभेद अन्त्य हुने र समन्वयकारी नेतृत्व प्राप्त हुने अपेक्षा व्यक्त गरे।



तर स्वदेश फर्किएपछि देउवाले दिएका दुई फरक शैलीका अभिव्यक्तिले भने उनको आगामी राजनीतिक भूमिकालाई थप चासोको विषय बनाएको छ। विमानस्थलबाट सार्वजनिक गरिएको वक्तव्यमा देउवा निकै संयमित देखिए। आफूलाई शक्ति वा पदको आकांक्षीभन्दा राष्ट्रको नागरिकका रूपमा प्रस्तुत गर्दै उनले राष्ट्रिय एकता, लोकतान्त्रिक प्रक्रिया र परिवर्तनलाई संस्थागत गर्नुपर्नेमा जोड दिए।

'परिवर्तनको ठूलो आकांक्षा' बोकेका जनताको अपेक्षा सम्बोधन गर्नु सरकारको दायित्व भएको बताउँदै उनले राजनीतिक आग्रह-पूर्वाग्रहबाट टाढा रहन सरकारलाई आग्रह गरे। परिवर्तन व्यवस्थापनमा सहयोग गर्न आफूहरू तयार रहेको र रूपान्तरण विवेक, पारदर्शिता तथा न्यायका आधारमा अघि बढाउनुपर्ने उनको भनाइ थियो।

तर चुनदेवीस्थित आफ्नै समूहको सम्पर्क कार्यालयमा पुगेपछि देउवा भने आक्रामक बने। आफू र पत्नी आरजु राणा देउवामाथि मुद्दा चलाउने तथा पक्राउ गर्ने प्रयास भएको भन्दै उनले सरकार र सम्बन्धित निकायप्रति तीव्र असन्तुष्टि जनाए। सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा समेत राजनीतिक प्रतिशोध साधिएको आरोप लगाउँदै उनले आफूहरूलाई रोक्न खोजिए त्यसको राजनीतिक रूपमा प्रतिवाद गर्ने चेतावनी दिए।

'प्रजातन्त्र कसैले खोस्न सक्दैन' भन्दै देउवाले विगतमा राजा ज्ञानेन्द्रले समेत आफूलाई रोक्न नसकेको प्रसंग सुनाए। उनका यी अभिव्यक्तिले उनी अब सक्रिय राजनीतिबाट पूर्ण रूपमा अलग रहनेभन्दा पार्टीभित्र प्रभावशाली अभिभावकको भूमिकामा रहने संकेतका रूपमा पनि हेरिएको छ।

विशेष महाधिवेशनपछि गगनकुमार थापाको नेतृत्वमा नयाँ कार्यसमिति बनेसंगै देउवा सभापति पदबाट बाहिरिएका छन् । पार्टीको आधिकारिकता विवादसमेत अदालतमा पुगेको अवस्थामा उनको स्वदेश फिर्तीले कांग्रेसको आन्तरिक विवादमा नयाँ मोड ल्याउने अपेक्षा गरिएको छ।

देउवा झण्डै एक वर्षदेखि कांग्रेसको सक्रिय नेतृत्वबाट बाहिर छन्। जेन- जी आन्दोलनका क्रममा २४ भदौ २०८२ मा बूढानीलकण्ठस्थित निवासमा आक्रमण भएपछि उनी सक्रिय राजनीतिबाट क्रमशः टाढिएका थिए । त्यसपछि कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई सुम्पिएर उनी उपचारका लागि सिंगापुर गएका थिए।

यसबीच कांग्रेसभित्र १५औं महाधिवेशनलाई लिएर संस्थापन र विशेष महाधिवेशन पक्षधरबीच विवाद चर्कियो। देउवा पक्षले विशेष महाधिवेशनमा भाग लिएन। विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएपछि देउवा सभापति पदबाट बाहिरिए।

अहिले कांग्रेसको आधिकारिकता विवादसमेत अदालतमा पुगेको अवस्थामा देउवाको स्वदेश फिर्तीले पार्टीभित्रको समीकरणमा नयाँ प्रभाव पार्ने आकलन गरिएको छ। संस्थापनइतर समूहका प्रचार-प्रसार समितिका संयोजक मीन विश्वकर्माले देउवाको आगमनसँगै पार्टीभित्रको मतभेद अन्त्य हुने विश्वास व्यक्त गरेका छन्।

राजनीतिक विश्लेषक सौगात गौतमले देउवाको राजनीतिक विरासतको वास्तविक परीक्षा अब सुरु भएको बताए । युवा पुस्तालाई अगाडि आउनुपर्ने र परिवर्तनलाई आत्मसात् गर्नुपर्ने देउवाको सन्देश सकारात्मक भए पनि त्यसलाई पार्टीभित्रको व्यवहारमा उतार्नुपर्ने उनको भनाइ छ।

## मिटरब्याज आरोपमा पक्राउ परेकालाई जवर्जस्ती थुनामा राखेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याज तथा ठगीको आरोपमा पक्राउ परेकाजनकपुरधामउपमहानगरपालिका-१६ स्थित कपिलेश्वरका एकै परिवारका तीन जनालाई रिहाइ गर्न माग गर्दै आफन्त तथा समर्थकहरूले बिहीबार धनुषा जिल्ला अदालतअगाडि प्रदर्शन गरेका छन्।

पूर्वएसएसपी गोविन्द साहले आफ्ना परिवारका सदस्यलाई नियोजित रूपमा मिटरब्याजको मुद्दामा फसाएको आरोप लगाउँदै प्रदर्शनकारीहरूले नाराबाजी गरेका हुन् । प्रदर्शनमा पक्राउ परेका गोपाल साह, उनकी श्रीमती रेखा साह र छोरा हरेराम साहका आफन्त तथा समर्थक सहभागी थिए।

मिटरब्याज तथा ठगीको आरोपमा साउन २ गते पक्राउ परेका ५३ वर्षीय गोपाल साह, ४८ वर्षीया रेखा साह र ३२ वर्षीय हरेराम साहलाई प्रहरीले अनुसन्धानका लागि हिरासतमा राखेको छ । उनीहरूमाथि धनुषा जिल्ला अदालतमा करिब आठ जना पीडितले सामूहिक रूपमा मुद्दा दायर गरेका छन्। उक्त मुद्दा हाल अदालतमा बहस चलिरहेको छ।

सो प्रदर्शनका क्रममा रेखा साहका छोरा जयराम साहले पूर्वएसएसपी गोविन्द साहले आफ्नो परिवारलाई फसाएको आरोप लगाए । उनले करिब पाँच वर्षअघि गोविन्द साहले आफैँ बिक्री गरिसकेको जग्गामाथि अहिले पुनः दाबी गर्दै आफ्नी आमा, बुवा र दाजुलाई मिटरब्याजको आरोपमा पक्राउ गराइएको छ।

जयराम साहले पाँच वर्षअघि बिक्री गरिएको जग्गाको मूल्य अहिले करोडौं रुपैयाँ पुगेपछि सोही सम्पत्ति फिर्ता लिन खोजिएको दाबी गरे। उनले जग्गा कारोबारका क्रममा सम्बन्धित कागजातमा हस्ताक्षर तथा औँठाछापसमेत गरिएको थियो। त्यसैले अहिले आएर सोही जग्गालाई ऋण कारोबारसँग जोडेर आफ्नो परिवारलाई फसाउनु गलत भएको उनको जिकिर छ।



जयराम साहले भने, 'पूर्वएसएसपीजस्तो व्यक्तिले कागजातमा सही गर्ने बेलामा पढेकै होला। सोहीअनुसार कागजातमा औँठाछापसमेत गरिएको छ।'

उनले पक्राउ परेको २५ दिन बितिसक्दा पनि आफ्ना आमा-बुवालाई प्रहरीले रिहा नगरेको तथा थप म्याद लिएर हिरासतमा राखिएको भन्दै आपत्ति जनाए । अदालतमा मुद्दा विचाराधीन रहेकाले थुनामा नराखी बाहिरै बसेर कानुनी प्रक्रिया पूरा गर्ने वातावरण बनाउनुपर्ने उनको माग छ।

जयराम साहले जनाए अनुसार प्रदर्शन अदालतको कामकारबाही प्रभावित पार्न नभइ आफ्ना परिवारका सदस्यलाई कानुनी प्रक्रियाअनुसार बाहिर बसेर मुद्दा लड्न पाउने वातावरण निर्माणका लागि गरिएको छ।

### 'जग्गा धितो राखेर एक करोड ऋण लिएको हुँ'

यता पूर्वएसएसपी गोविन्द साहले भने आफूले जग्गा बिक्री गरेको नभइ चुनाव लड्ने प्रयोजनका लागि आर्थिक आवश्यकता परेपछि जग्गा राखेर एक करोड रुपैयाँ ऋण लिएको बताउँदै आएका छन्।

उनले २०७९ सालको वैशाखमा चुनाव लड्ने तयारीका क्रममा आफ्नो जग्गा गोपाल साह भने अनुसार रेखा साहसमक्ष राखेर आवश्यक कागजात तयार गरी एक करोड रुपैयाँ ऋण लिएका थिए। जसमध्ये ९९ लाख रुपैयाँ मात्रै प्राप्त भएको समेत उनले दाबी गरे । ऋणको धरौटीस्वरूप तत्काल आफ्नो नाममा रहेको जग्गा मालपोत कार्यालयबाट पास गरिएको उनको दाबी छ।

तर ऋण चुक्ता गर्ने क्रममा आफ्नो जग्गाजमिन खोजतलास गर्दा उक्त सम्पत्ति विभिन्न बैंकमा समेत धितो राखेर ऋण निकालिएको र करोडौं मूल्यको सम्पत्ति हत्याउने प्रयास भएको साहको आरोप छ।

आफ्नो सम्पत्ति जोगाउन बाध्य भएर अदालतको शरणमा पुगेको उनले बताउँदै आएका छन्। साहले आफूलाई नै मिटरब्याज पीडितका रूपमा प्रस्तुत गर्दै गोपाल साह, रेखा साहलगायतविरुद्ध कानुनी उपचार खोजेको बताएका छन्।

यसले घटनालाई दुई पक्षबीचको ऋण, जग्गा कारोबार र स्वामित्वसम्बन्धी विवादका रूपमा समेत जटिल बनाएको छ। एक पक्षले जग्गा बिक्री भइसकेको दाबी गरिरहेको छ भने अर्को पक्षले जग्गा ऋणको धरौटीस्वरूप पास गरिएको दाबी गर्दै आएको छ।

धनुषा जिल्ला अदालतमा गोपाल साह, रेखा साह र हरेराम साहविरुद्ध मिटरब्याजको आरोपमा आठ जना पीडितले सामूहिक रूपमा मुद्दा दायर गरेका छन् । उक्त मुद्दा हाल अदालतमा विचाराधीन छ।


मिटरब्याजसम्बन्धी विवादमा दुवै पक्षबाट गम्भीर आरोप-प्रत्यारोप भइरहेका छन् । पीडित पक्षले आफूहरूमाथि अन्याय भएको दाबी गर्दै न्यायको माग गरिरहेको छ भने पक्राउ परेकाहरुको आफन्तले आफ्ना परिवारका सदस्यलाई झुटा आरोपमा फसाइएको दाबी गर्दै आएका छन्।

यसैबीच यही विवादसंग जोडिएको अर्को गम्भीर घटना बुधबार धनुषा जिल्ला अदालतअगाडि भएको थियो । एक मिटरब्याज पीडित महिला फुलकुमारी रजकले आफूलाई गोपाल साह, रेखालगायतबाट अन्याय भएको भन्दै न्यायको माग गर्दै आत्महत्याको प्रयास गरेकी थिइन्।

अदालत परिसर अगाडि नै आत्महत्याको प्रयास भएपछि घटनाले थप गम्भीर रूप लिएको थियो । ती महिलाले आफूले भोगेको अन्यायबारे सम्बन्धित निकायले सुनुवाइ गर्नुपर्ने र दोषीमाथि कानुनी कारबाही हुनुपर्ने माग गर्दै आएकी थिइन्।

लगातार दुई दिन अदालत परिसरअगाडि भएका यी घटनाले धनुषामा मिटरब्याजसम्बन्धी विवाद कति संवेदनशील बन्दै गएको छ भन्ने देखिन्छ । एकातर्फ मिटरब्याज पीडितहरूले आफूहरूलाई न्याय दिनुपर्ने माग गरिरहेका छन् भने अर्कोतर्फ आरोपीका आफन्तहरूले पक्राउ परेकाहरूलाई नियोजित रूपमा फसाइएको दाबी गर्दै रिहाइको माग गरेका छन्।

उक्त घटनामा संलग्न दुवै पक्षले आ-आफ्ना दाबी र प्रमाण प्रस्तुत गरिरहेका छन्।

# मन्दिरको सार्वजनिक जग्गा बिक्री गरेको आरोप




**टुडे समाचारदाता**

इनरवा । सुनसरीको धरानस्थित श्री नरसिंह भगवान मन्दिरका पुजारीसमेत मिलेर मन्दिरको जग्गा व्यक्तिको नाममा नामसरी गरी बिक्री गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

३६ लाख रुपैयाँभन्दा बढी मूल्यको रहेको सो मन्दिरको सार्वजनिक जग्गा व्यक्तिको नाममा नामसारी गरी बिक्री गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ।

आयोगले धरान नगरपालिकाका तत्कालीन प्रशासकीय अधिकृत गणेशप्रसाद खतिवडा, साविक सिंगिया गाविसका तत्कालीन अध्यक्ष-सचिव कपिलमणि दाहाल तथा मालपोत कार्यालय सुनसरीका तत्कालीन अधिकारीहरू सुशील बैध, तुंगुनाथ भण्डारी र केदारबहादुर कार्कीविरुद्ध विशेष अदालतमा आरोप पत्र दायर गरेको हो।

सुनसरीको धरान उपमहानगरपालिका वडा नं. १४ दुईधारेमा रहेको मन्दिरको साविक भादगाउँ सिनवारी गाभिएका क्षेत्रमा पर्ने कित्ता नम्बर १ को ५ कठ्ठा ७ धुर र कित्ता नम्बर ४ को ४ कठ्ठा १८ धुर गरी कुल १० कठ्ठा ५ धुर जग्गा गैरकानुनी रूपमा हडपेको अनुसन्धानबाट खुलेको हो।

प्रतिवादीहरूको आपसी मिलेमतोमा साविक सिंगिया गाउँ विकास समिति र धरान नगरपालिकाबाट भुट्टा बेहोराको सर्जमिन मुचुल्का बनाई मन्दिरका पुजारी टिर्हु चौधरीको नाममा नामसारी गर्ने सिफारिस गराइएको थियो।

साविक सिंगिया गाविसले भुट्टा नाता प्रमाणित प्रमाणपत्र दिएको र धरान नगरपालिकाले सोही आधारमा मालपोत कार्यालय सुनसरीलाई सिफारिस गरेपछि २०६५ जेठ २१ गते मालपोतले जग्गा नामसारी गर्ने निर्णय गरेको थियो। आर्थिक वर्ष २०८२/८३ को न्यूनतम मूल्यांकन अनुसार ३६ लाख १० हजार रुपैयाँ पर्ने उक्त सार्वजनिक जग्गा नक्कली जग्गाधनी खडा गरी नामसारी पछि बिक्री गरेर भ्रष्टाचारजन्य कसुर गरेको अख्तियारको निष्कर्ष छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कसुर पुष्टि भएपछि अख्तियारले बिहीबार प्रवक्ता सुरेश न्यौपानेद्वारा जारी विज्ञप्ति अनुसार संलग्न प्रतिवादीहरूउपर सजाय र बिगो असुलको मागदाबीसहित विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

आयोगले सार्वजनिक सम्पत्तिलाई गैरकानुनी रूपमा व्यक्तिको नाममा कायम गराउने कार्यमा संलग्न भएको आरोपमा तत्कालीन धरान नगरपालिकाका प्रशासकीय अधिकृत खतिवडा र तत्कालीन सिंगिया गाविस अध्यक्ष-सचिव दाहालविरुद्ध भ्रष्टाचार निवारण ऐनअनुसार बिगो कायम गरी कैद तथा बिगोबमोजिम जरिवानासहित रकम असुलउपरको माग गरेको छ।

त्यसैगरी मालपोत कार्यालय सुनसरीका तत्कालीन मालपोत अधिकृत सुशील बैध, शाखा अधिकृत तुंगुनाथ भण्डारी र नायब सुब्बा केदारबहादुर कार्कीविरुद्ध पनि ३६ लाख १० हजार रुपैयाँ बिगो कायम गरी कैद, जरिवाना र बिगो असुलउपरको मागदाबी गरिएको छ। तीनै जना हाल अवकाशप्राप्त रहेको आयोगले जनाएको छ।

यस प्रकरणमा मन्दिरका तत्कालीन पुजारी टिर्हु चौधरी र स्थानीय जग्गा कारोबारी पंकज घिमिरेलाई समेत मतियारका रूपमा प्रतिवादी बनाइएको छ। चौधरीमाथि पाँच हजार रुपैयाँ घुस दिएको आरोपमा थप कसुरसमेत लगाइएको आयोगले जनाएको छ।

# जनप्रतिनिधि फेरबदलले मधेशमा करोडौंको अयोजना अलपत्र


**टुडे समाचारदाता**

लहान । सिरहाका विभिन्न पालिकामा करोडौँ रुपैयाँका योजना स्थानीय तहमा जनप्रतिनिधि फेरबदलले अलपत्र परेका छन्। निर्माणाधीन संरचना अधुरै छाडिँदा सार्वजनिक लगानी जोखिममा परेको छ भने नागरिकले अपेक्षित सेवा पाउन सकेका छैनन्।

लहान नगरपालिका-१७ स्थित देवीदह पर्यटकीय आयोजना यसको पछिल्लो उदाहरण हो। संघीय सरकारको ७० प्रतिशत र लहान नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा आर्थिक वर्ष २०७७/७८ मा सुरु भएको आयोजना करिब २० प्रतिशत काम भएपछि रोकिएको हो। ६ करोड ९३ लाख रुपैयाको लागत अनुमान गरिएको आयोजनाको निर्माण विगत चार वर्षदेखि अघि बढ्न सकेको छैन।

२० बिघा क्षेत्रफलमा फैलिएको देवीदहलाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले आयोजना अघि बढाइएको थियो। लहान बजारदेखि देवीदहसम्मको करिब नौ किलोमिटर सडक ग्राभेल गर्ने काम सम्पन्न भइसकेको थियो। पोखरी परिसरमा घेराबार, इन्टरलक, बोटिङ, स्वीमिङ पुललगायतका संरचना निर्माण गर्ने योजना थियो।

निर्माण कम्पनी 'विकास एण्ड बस्नेत कन्स्ट्रक्सन प्रालि'सँग सम्झौता गरेर काम सुरु गरिएको भए पनि करिब २० प्रतिशत प्रगति भएपछि



निर्माण रोकिएको हो। अहिलेसम्म गरिएको कामका अवशेष पोखरी परिसरमा देखिए पनि आयोजना पूरा हुने अवस्था देखिदैन।

स्थानीय तहको निर्वाचनपछि भने आयोजनाले निरन्तरता पाएन। लहान-१७ का वडाध्यक्ष प्रथमलाल चौधरीका अनुसार नयाँ नेतृत्व आएपछि पूर्वनगरप्रमुख मुनि साहको कार्यकालमा सुरु भएका आयोजनाको समीक्षा गर्दै कतिपय आयोजनाको बजेट निकासा रोकिएको थियो।

उनका अनुसार सङ्घीय सरकारतर्फबाट करिब ८० लाख खर्च भइसकेको भए पनि नगरपालिकाले आफ्नो हिस्साको ३० प्रतिशत रकम व्यवस्थापन नगरेपछि निर्माण कम्पनीलाई भुक्तानी हुन सकेन। तर, लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरी भने आयोजनाहरू राजनीतिक पूर्वाग्रहका कारण रोकिएको आरोप अस्वीकार गर्छन्।

लहान मात्रै नभई सिरहाका अन्य पालिकामा समेत नेतृत्व परिवर्तनसँगै बहुवर्षीय आयोजनाको निरन्तरता प्रभावित भएको देखिन्छ। धनगढीमाई नगरपालिकामा तत्कालीन नगरप्रमुख हरिनारायण चौधरीको कार्यकालमा विसं २०७५ मा १७ करोड लागतमा १५ शय्याको नगर अस्पताल निर्माण गर्ने योजना अघि बढाइएको थियो।

दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त आयोजना नयाँ नेतृत्व आएपछि भुक्तानी तथा अन्य प्रक्रियागत समस्याका कारण अधुरै रहेको बताइएको छ। अस्पताल भवन पूरा हुन नसक्दा स्थानीयवासी पुरानै जीर्ण स्वास्थ्यचौकीबाट सेवा लिन बाध्य छन्।

त्यस्तै, जनता मावि बेतहा, जनता मावि पूर्वहनुमाननगर, जनता मावि तीनकोनी प्राविधिक विद्यालय र मदन भण्डारी माविका निर्माणाधीन भवनसमेत बजेट अभावमा रोकिएका छन्। धनगढीमाई-१० मा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको प्राकृतिक अस्पताल पनि सञ्चालनको पूर्ण तयारीमा पुगेर प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। माटो, पानी, बाफ तथा मालिसबाट उपचार गर्ने उद्देश्यले निर्माण गरिएको उक्त अस्पताल अहिले प्रयोगविहीन बन्ने अवस्थामा पुगेको पूर्वनगरप्रमुख हरिनारायण चौधरीको भनाइ छ। पूर्वनगरप्रमुख चौधरीले नयाँ नेतृत्वले अघिल्लो कार्यकालका आयोजनाको दायित्व स्वीकार नगर्दा समस्या भएको आरोप लगाएका छन्।

यता गोलबजार नगरपालिकाको बहुवर्षीय नगर भवनसमेत अधुरो बनेको छ। तत्कालीन नगरप्रमुख देवनाथ साहको कार्यकालमा विसं २०७७ मा करिब २८ करोड लागतमा सुरु भएको चारतले भवनको ढलानसम्मको काम सम्पन्न भएको थियो।

निर्माण अन्तिम चरणमा पुगेका बेला ठेक्का रद्द गरिएपछि तयार भइसकेको संरचनासमेत संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ। भवन निर्माण सम्पन्न हुन नसक्दा नगरपालिका अहिले पनि साँघुरो भवनबाट सेवा प्रवाह गर्न बाध्य छ।

ठेक्का रद्द गर्ने निर्णयविरुद्ध निर्माण कम्पनीले उच्च अदालत पाटनमा रिट दायर गरेको छ। मुद्दा विचाराधीन रहेकाले नयाँ प्रक्रियाबाट निर्माण अघि बढाउन नसकिएको नगरपालिकाले जनाएको छ। नगरप्रमुख श्याम श्रेष्ठले भने ठेकेदारको ढिलासुस्तीका कारण कानुनी प्रक्रियाअनुसार ठेक्का रद्द गरिएको दाबी गरे।

# रास्वपाको रक्तदान सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम। अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जनकपुरधाममा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

रास्वपाका जिल्ला सचिव रमेश पहाडीको अध्यक्षतामा जनकपुरधामको जनक चोकमा सम्पन्न कार्यक्रममा २२ जनाले रक्तदान गरेको आयोजकले जनाएको छ। सञ्जय मिश्र र रमेश साहको संयोजनमा आयोजित कार्यक्रममा युवासहित विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागिता रहेको थियो।

'रक्तदान गरौँ, जीवन बचाऔँ' भन्ने सन्देशसहित




आयोजना गरिएको कार्यक्रममा रक्तदानलाई मानवीय सेवासँग जोड्दै युवाहरूलाई सामाजिक उत्तरदायित्वप्रति प्रेरित गर्ने उद्देश्य रहेको रास्वपाले जनाएको छ।

रक्तदान कार्यक्रममार्फत आवश्यक परेका बिरामीलाई रगत उपलब्ध गराउन सहयोग पुग्ने विश्वास आयोजकले व्यक्त गरेको छ। रेडक्रसमा रगतको आभाव भएपछि रास्वपाले सो रक्तदान कार्यक्रम आयोजना गरेको बुझिएको छ।

# छानबिन प्रतिवेदन सार्वजनिक गरिएकोमा एनसेलको आपति

**टुडे समाचारदाता**

काठमाण्डू । एनसेलले आफ्नो शेयर खरिद-बिक्रीसम्बन्धी छानबिन प्रतिवेदन सार्वजनिक गरेको भन्दै नेपाल सरकारको निर्णयप्रति आपत्ति जनाएको छ। कम्पनीले सरकारको उक्त कदमले गोपनीयताको हक उल्लंघन गर्नुका साथै नेपालमा लगानीको वातावरणप्रति नकारात्मक सन्देश गएको दाबी गरेको छ।

नेपाल सरकार मन्त्रिपरिषद्को साउन २६ गतेको निर्णय र त्यसकै आधारमा साउन २७ गते टंकमणि शर्मा दंगालको संयोजकत्वमा गठित छानबिन समितिको 'एनसेलको शेयर खरिद-बिक्री सम्बन्धी अध्ययन तथा छानबिन प्रतिवेदन, २०८०' सार्वजनिक भएको समाचारहरू सार्वजनिक भएपछि कम्पनीले आफ्नो धारणा सार्वजनिक गरेको हो।

कम्पनीका अनुसार सुशासन, पारदर्शिता र नागरिकको सूचनाको पहुँच सुनिश्चित गर्ने नाममा कानुनले गोप्य राख्नुपर्ने संवेदनशील सूचना तथा विवरणसमेत सार्वजनिक गरिएको छ। सूचना तथा सञ्चार मन्त्रालयको वेबसाइटमार्फत प्रतिवेदन सार्वजनिक गरिएको भन्दै एनसेलले यसलाई नेपालको संविधानले सुनिश्चित गरेको गोपनीयताको हकविपरीत भएको जनाएको छ।

एनसेलले सरकारको कदमको घोर भर्त्सना गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र सन्धि-सम्झौताअनुसार कानुनी उपचार खोज्ने अधिकार सुरक्षित राखेको स्पष्ट पारेको छ। कम्पनीले प्रतिवेदन सार्वजनिक हुँदा अन्तर्राष्ट्रियस्तरमा नेपाल सरकार लगानीकर्ता तथा तथ्याङ्कको गोपनीयताप्रति प्रतिबद्ध छैन भन्ने सन्देश गएको दाबी गरेको छ।

यसबाट विदेशी लगानीको वातावरण थप प्रभावित हुने र लगानीकर्ताको विश्वासमा समेत असर पर्ने कम्पनीको भनाइ छ। एनसेलले प्रतिवेदन सार्वजनिक गर्ने निर्णय अदालतको फैसलासँग समेत बाझिएको दाबी गरेको छ।

प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै परेको रिट उच्च अदालतबाट असार ३१ गते खारेज भएको र उक्त फैसला अन्तिम अवस्थामा रहेको दाबी गर्दै कम्पनीले सो फैसलाको विपरीत हुने गरी प्रतिवेदन सार्वजनिक गर्नु न्यायिक मर्यादा र अदालतको निर्णयको पालना गर्नुपर्ने संवैधानिक तथा कानुनी दायित्वविपरीत भएको जनाएको छ।

कम्पनीका अनुसार छानबिनका क्रममा समितिले संकलन गरेका सूचना, विवरण तथा जानकारी अनुसन्धान, थप छानबिन वा अभियोजनका लागि राज्यले प्रयोग गर्न सक्ने भए पनि ती सामग्री सर्वसाधारणको पहुँचमा पुऱ्याउने गरी सार्वजनिक गर्न कानुनी अख्तियारी आवश्यक हुन्छ।

एनसेलले आफ्नो कम्पनी, लगानी, व्यवसाय, कारोबार तथा अन्य संवेदनशील विवरण कानुनद्वारा संरक्षित रहेको दाबी गर्दै संविधानको धारा २८ तथा वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ ले सुनिश्चित गरेका विभिन्न गोपनीयताको हक उल्लङ्घन भएको जनाएको छ।

कम्पनीले वैयक्तिक गोपनीयता सम्बन्धी ऐनमा व्यक्तिको सम्पत्ति, लिखत, तथ्यांक तथा कारोबारसम्बन्धी विवरण सम्बन्धित व्यक्तिमा निहित रहने व्यवस्था रहेको उल्लेख गर्दै सम्बन्धित व्यक्तिको स्वीकृतिबिना त्यस्ता विवरण सार्वजनिक गर्नु संविधान तथा प्रचलित कानुनको मर्मविपरीत भएको दाबी गरेको छ।

प्रतिवेदन सार्वजनिक गरिनुले सरकार र लगानीकर्ताबीच रहेको विश्वास तथा गोपनीयताको प्रतिबद्धता समेत भङ्ग भएको एनसेलको भनाइ छ। कम्पनीले सरकारको कदमबाट आफू, आफ्ना शेयरधनी, सञ्चालक तथा हितग्राहीलाई अपूरणीय क्षति पुगेको दाबी गरेको छ।

वैयक्तिक गोपनीयता सम्बन्धी कानुनले गोपनीयता भंग गर्ने कार्यमा सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरेको उल्लेख गर्दै एनसेलले यस विषयमा आवश्यक कानुनी निर्णय लिने चेतावनीसमेत दिएको छ।

कम्पनीले सरकारको कदमले लगानीकर्ताको विश्वास कमजोर पार्ने र आगामी दिनमा नेपालमा लगानी तथा व्यवसाय प्रवर्द्धनमा अवरोध सिर्जना हुन सक्ने दाबी गरेको छ। दीर्घकालमा यसबाट मुलुकले आर्थिक रूपमा ठूलो क्षति व्यहोर्नुपर्ने अवस्था आउन सक्ने भन्दै एनसेलले सरकारको निर्णयप्रति चेतावनी समेत दिएको छ।

# सवारी लाइसेन्सको परीक्षा पुनः शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । करीब एक महिनादेखि यातायात व्यवस्था कार्यालय जनकपुरधाममा रोकिएको नयाँ सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को लिखित तथा प्रयोगात्मक परीक्षा जनकपुरधाममा पुनः सुरु भएको छ।

मधेस प्रदेश सरकार मातहतको यातायात व्यवस्था कार्यालय जनकपुरले अनलाइनमार्फत फारम भरी राजस्वसमेत बुझाएका सेवाग्राहीका लागि परीक्षा सञ्चालन थालेको हो। कार्यालयले एक सूचना जारी गर्दै 'ए' र 'के' वर्गको सवारी चालक अनुमतिपत्रका लागि आवेदन दिएका परीक्षार्थीलाई परीक्षामा सहभागी हुन आह्वान गरेको थियो।

कार्यतालिका अनुसार बिहीबार लिखित तथा शुक्रबार प्रयोगात्मक परीक्षा सञ्चालन हुने कार्यालयले जनाएको छ। हाल 'ए' र 'के' वर्गको मात्र परीक्षा सञ्चालन गरिएको छ। अन्य वर्गका सवारी चालक अनुमतिपत्रका लागि भने पछि छुट्टै सूचना जारी गरिने कार्यालयका वरिष्ठ शाखा अधिकृत चन्देश्वर साहले जनाएको छ।




उनका अनुसार यातायात व्यवस्था विभागको सर्भर अपडेट भएपछि ठूला तथा साना सवारीसम्बन्धी अधिकांश सेवा सामान्य अवस्थामा फर्किए पनि सवारी चालक अनुमतिपत्रको प्रणालीमा अझै केही प्राविधिक समस्या देखिएका छन्।

'लाइसेन्सको काममा आंशिक समस्या समाधान भएको छ। तर, केही समस्या अझै यथावत छन्। यसबारे विभागसँग जुम मिटिङमार्फत जानकारी गराएका छौँ। विभाग पनि समस्या समाधानका लागि केन्द्रित भएको छ,' साहले भने।

नयाँ प्रणालीमा आवेदन गर्दा ओटीपी नआउने तथा 'ए' वर्गको लाइसेन्स लिन आवेदन दिँदा प्रणालीमा बी वा सी वर्ग देखिने जस्ता समस्या देखिएको कार्यालयले जनाएको छ। प्रयोगात्मक परीक्षा सम्पन्न भएपछि मात्र नयाँ प्रणाली प्रभावकारी रूपमा सञ्चालनमा आएको वा थप सुधार आवश्यक रहेको विषय स्पष्ट हुने साहको भनाइ छ।

पुरानो सवारी चालक अनुमतिपत्र नवीकरणमा समेत केही प्राविधिक समस्या आउने गरेको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार बिहीबारको लिखित परीक्षामा ८५ जना परीक्षार्थी सहभागी भएका छन्। वर्ग थपका लागि आवेदन दिएका परीक्षार्थीले आफ्नो सवारी चालक अनुमतिपत्रसमेत साथमा ल्याउनुपर्ने कार्यालयले जनाएको छ।

त्यस्तै, प्रयोगात्मक परीक्षाका लागि आवश्यक सवार साधनको व्यवस्था परीक्षार्थी आफैंले गर्नुपर्नेछ। यसअघि यातायात व्यवस्था विभागको सर्भरमा समस्या आएपछि गत असार २९ गतेदेखि नयाँ सवारी चालक अनुमतिपत्र तथा नवीकरणलगायतका सेवा प्रभावित भएका थिए।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | समय सजग र सतर्क भई काम गर्नसके आज पनि लाभकारी हुनेछ। |
| वृष : | समय मध्यम खालको छ। व्यापारमा प्रशस्त फाइदा हुने योग छ। |
| मिथुन : | कीर्तिमानी काम गर्ने समय छ। |
| कर्कट : | घरायसी सुखको अनुभूति हुनेछ। |
| सिंह : | काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। |
| कन्या : | व्यवसायको सिलसिलामा रमाइलो यात्रा हुन सक्छ। |
| तुला : | तर्क र बहसमा पकड भएको राम्रो दिन छ। |
| वृश्चिक : | बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। |
| धनु : | पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ। |
| मकर : | काममा सहयोग लिन दिन सकिने दिन छ। |
| कुम्भ: | आर्थिक क्रियाकलापले दूरगामी फाइदा हुनेछ। |
| मीन: | विशेष व्यक्तित्वलाई भेट्ने मौका आउला। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378



## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चिट चोर्न नपाएपछि विद्यार्थीबीच कुटाकुट



**अनिल तिवारी**

वीरगञ्ज । पर्साको वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा परीक्षाका क्रममा मोबाइल प्रयोग गरी चिट चोरेको आरोपलाई लिएर विद्यार्थी नेताका दुई समूहबीच विवाद हुँदा कुटाकुट भएको छ । सो घटनामा दुई विद्यार्थी घाइते भएका छन् भने घटनामा संलग्न रहेको आरोपमा एक विद्यार्थी नेतालाई प्रहरीले पक्राउ समेत गरेको छ ।

बिहीबार क्याम्पसमा एमएम (मास्टर अफ म्यानेजमेन्ट) प्रथम सेमेस्टरको परीक्षा सञ्चालन भइरहेका बेला परीक्षा हलभित्र मोबाइल फोन प्रयोग गरी उत्तर लेखिरहेको अवस्थामा एक परीक्षार्थी भेटिएपछि विवाद सुरु भएको थियो ।

क्याम्पस स्रोतका अनुसार स्ववियु सदस्यसमेत रहेका आयुष यादव क्याम्पसले निर्धारण गरेको सिट प्लानअनुसारको कोठामा नबसी अर्कै कोठामा बसेर परीक्षा दिइरहेका थिए। परीक्षामा खटिएका निरीक्षकले निर्धारित कोठामा गएर परीक्षा दिन आग्रह गरेपछि यादवले विवाद गरेको बताइएको छ ।

त्यसक्रममा परीक्षा अनुगमनका लागि पुगेका स्ववियु सभापति राजकुमार यादवले परीक्षा मर्यादा पालना गर्न आग्रह गरेका थिए। तर, दुवैबीच विवाद बढ्दै गएको र यादवको साथबाट मोबाइल फोनसमेत फेला परेपछि घटनाले थप उग्र रूप लिएको क्याम्पसका एक कर्मचारीले बताए ।

क्याम्पस प्रमुख डा. केशव यादवले आयुष यादवको साथबाट मोबाइल जफत गरेपछि उनी थप आक्रोशित भएको र फोनमार्फत बाहिरबाट आफ्ना समर्थकलाई क्याम्पसमा बोलाएको आरोप छ । त्यसपछि क्याम्पस परिसरमै दुई समूहबीच हात हालाहाल र कुटाकुट भएको थियो ।

स्थिति नियन्त्रणमा लिन पुगेको प्रहरीले लाठीचार्ज गरेको थियो। झडपका क्रममा दुई विद्यार्थी घाइते भएका छन् । घाइते हुनेमा वीरगन्ज महानगरपालिका-२४ का करिब २३ वर्षीय सुनिल यादव र वडा नम्बर १० का करिब २५ वर्षीय राजु श्रीवास्तव रहेका छन्। दुवैको नारायणी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार घटनामा संलग्न रहेको आरोपमा स्ववियु सदस्य आयुष यादवलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको छ ।

"परीक्षा सञ्चालन भइरहेका बेला क्याम्पसले तोकेको कोठाभन्दा फरक कोठामा बसेर परीक्षा दिइरहेका स्ववियु सदस्य यादव र परीक्षा अनुगमनका क्रममा पुगेका स्ववियु पक्षबीच विवाद भएपछि कुटाकुट भएको हो," डीएसपी मल्लले बताए ।

यता स्ववियु सभापति राजकुमार यादवले भने परीक्षा हलभित्र मोबाइल प्रयोग गरी चिट चोरेर उत्तर लेखिरहेको अवस्थामा आयुष यादवलाई देखेपछि आफूले त्यसको विरोध गरेको बताएका छन्। आफ्नो विरोधपछि यादवले फोन गरेर बाहिरबाट मानिसहरू बोलाई क्याम्पसमा प्रवेश गराएर आफूहरूमाथि आक्रमण गरेको उनको आरोप छ ।

सभापति यादवका अनुसार बाहिरबाट आएको समूहले क्याम्पस परिसरमा होहल्ला गर्दै परीक्षा नै बिथोल्ने प्रयास गरेको थियो। झडपमा आफ्ना पक्षका दुई विद्यार्थी घाइते भएको उनले बताए । प्रहरीले स्थिति नियन्त्रणमा लिने क्रममा आफूहरूको पक्षमाथि समेत अनावश्यक बल प्रयोग गरेको आरोप सभापति यादवले लगाए ।

"परीक्षा जस्तो संवेदनशील र मर्यादित विषयमा खुलेआम अनियमितता भइरहँदा हामी चुप लागेर बस्न सकेनौं। विरोध गर्दा बाहिरबाट मानिस बोलाएर आक्रमण गरियो र प्रहरीले समेत सत्यतथ्य नबुझी हामीमाथि लाठीचार्ज गऱ्यो," उनले भने ।

घटनापछि क्याम्पसमा केही समय तनावपूर्ण अवस्था सिर्जना भएपनि प्रहरी परिचालनपछि स्थिति नियन्त्रणमा आएको थियो । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# वैदेशिक रोजगारबाट फर्किएकालाई उद्यमशील बनाउँदै मुखियापट्टी मुसहरनिया

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मुखियापट्टीमुसहरनियागाउँपालिकाले वैदेशिक रोजगारीबाट फर्किएका स्थानीयलाई पुनः वैदेशिक रोजगारीमा जान नपर्ने गरी स्वरोजगार र उद्यमशीलतासँग जोड्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

गाउँपालिकाको रोजगार सेवा केन्द्रमार्फत सञ्चालित रेमी परियोजनाअन्तर्गत फर्किएका युवालाई सीपमूलक तालिम, प्रविधि हस्तान्तरण तथा आयआर्जनका कार्यक्रम सञ्चालन गरिएको हो । गत आर्थिक वर्षमा मात्रै वैदेशिक रोजगारीबाट फर्किएका १ सय ११ जनालाई प्रविधि हस्तान्तरणसहित विभिन्न कृषि तथा व्यवसायिक गतिविधिमा सहयोग गरिएको गाउँपालिका अध्यक्ष जयकुमार यादवले जानकारी दिए ।

अध्यक्ष यादवका अनुसार ८८ जनालाई व्यवसाय प्रवर्द्धनका लागि विभिन्न प्रविधि हस्तान्तरण गरिएको छ । त्यस्तै, १० जनालाई साझेदारीमा मखान खेती तथा ३५ जनालाई केरा र कागती खेतीका लागि सहयोग गरिएको छ । हाल ३-३ बिघा क्षेत्रफलमा मखान तथा



केरा-कागती खेती भइरहेको उनले बताए । रेमी परियोजनामार्फत सञ्चालित कार्यक्रमबारे जानकारी लिन गाउँपालिका कार्यालय पुगेकी मधेश प्रदेश सरकारकी श्रम, रोजगार तथा यातायातमन्त्री शारदा देवी थापालाई अध्यक्ष यादवले गाउँपालिकाले फर्किएका श्रमिकलाई लक्षित गरी सञ्चालन गरिरहेका कार्यक्रमबारे जानकारी गराएका थिए ।

गाउँपालिकाले वैदेशिक रोजगारीबाट फर्किएका नागरिकसँगै अतिविपन्न तथा दलित परिवारलाई समेत आवासको सुविधा उपलब्ध गराउँदै आएको छ । हालसम्म १ सय ४० परिवारका लागि गाउँपालिकाको पहलमा घर निर्माण गरिएको र चालु आर्थिक वर्षमा थप १ सय विपन्न तथा दलित परिवारका लागि आवास निर्माण गर्ने लक्ष्य राखिएको अध्यक्ष यादवले बताए ।

विदेशबाट फर्किएका बिरामीलाई उपचारका लागि समेत गाउँपालिकाले आर्थिक सहयोग गर्दै आएको छ । रेमी परियोजनाअन्तर्गतको कोषमा रहेको रकमबाट बिरामी परेका फर्किएका श्रमिकलाई उपचार खर्च उपलब्ध गराइएको उनले जानकारी दिए । त्यस्तै, वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका स्थानीयको शव स्वदेश ल्याउन सहयोग गर्नुका साथै मृतकका परिवारलाई राहतस्वरूप ५० हजार रुपैयाँका दरले आर्थिक सहयोग गरिएको उनले बताए ।

अध्यक्ष यादवले वैदेशिक रोजगारीबाट फर्किएका युवाको श्रम, सीप र पुँजीलाई स्थानीयस्तरमै उद्यमशीलतासँग जोड्न गाउँपालिका प्रतिबद्ध रहेको बताए । विदेशमा काम गरेर फर्कने व्यक्तिले आफ्नो कार्यअनुभव, सीप, अनुशासन र सम्भावित लगानीका लागि पुँजीसमेत लिएर आउने भएकाले त्यसलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न सीप तथा व्यवसायिक तालिमको व्यवस्था गरिएको उनको भनाइ छ ।

कार्यक्रमबारे जानकारी लिएपछि मन्त्री थापाले वैदेशिक रोजगारीबाट फर्किएका नागरिकलाई उद्यमशील बनाउन आवश्यक पर्ने तालिम तथा कार्यक्रमको प्रस्ताव भदौ महिनाभित्र पेश गर्न गाउँपालिकालाई आग्रह गरिन् ।

रोजगार संयोजक सरिता साहले रेमी परियोजनाको कोषमा थप रकम आवश्यक रहेको माग राखेपछि मन्त्रालयका उपसचिव धनञ्जय सिंहले चालु आर्थिक वर्षमा मन्त्रालयबाट आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएका थिए । गाउँपालिकाले आगामी दिनमा पनि विदेशबाट फर्किएका युवाको सीप, अनुभव र पुँजीलाई स्थानीय उत्पादन तथा व्यवसायसँग जोड्दै रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको जनाएको छ ।

# हुलाकमार्फत् करिब १० हजार नागरिकले पाए घरदैलोमै सेवा, साढे १० लाख सवारी लाइसेन्स र साढे २ लाख राहदानी ढुवानी

काठमाण्डु । हुलाक सेवालाई आधुनिक, प्रविधिमैत्री र नागरिकमैत्री बनाई 'सरकारी कुरियर सेवा'का रूपमा विकास गर्ने अभियानले गति लिएको छ । सरकारी कागजात तथा सामग्री ढुवानीसँगै राहदानी, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्रलगायत सेवा नागरिकको घरदैलोसम्म पुऱ्याउने व्यवस्था कार्यान्वयनमा आएपछि हुलाक सेवाको प्रयोग विस्तार हुँदै गएको हो ।

नयाँ सरकार गठनपछि मन्त्रिपरिषद्को पहिलो निर्णयबाट कार्यान्वयनमा ल्याइएको 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' तथा सूचना तथा सञ्चार मन्त्रालयको कार्यक्षेत्रअन्तर्गतका प्रमुख १० कार्यमध्ये हुलाकलाई सरकारी सामग्री तथा कागजात ढुवानी सेवाका रूपमा विकास गर्ने लक्ष्यअनुसार हालसम्म उल्लेखनीय प्रगति भएको हुलाक सेवा विभागले जनाएको छ ।

हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पङ्गेनीका अनुसार हालसम्म हुम्लाबाहेक अरु सबै जिल्लामा सरकारी कागजात घरमै पुऱ्याउने सरकारको योजना लागु भइसकेको छ । हुम्लामा पनि कार्यान्वयनको अन्तिम तयारी भइरहेको उहाँले राससँग बताउनुभयो । सरकारी सेवा नागरिकको घरदैलोमै पुऱ्याउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गर्दै राहदानी, नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्र तथा अन्य सरकारी कागजात र सामग्री घरघरमै पुऱ्याउने व्यवस्था सफल रूपमा कार्यान्वयन भइरहेको महानिर्देशक पङ्गेनीले जानकारी दिनुभयो ।

हुलाक सेवा विभागका अनुसार २०८३ साउन २७ गतेसम्म ७६ जिल्लाका जिल्ला प्रशासन कार्यालयमा दुई लाख ४७ हजार ४३ थान राहदानी हुलाकमार्फत् ढुवानी गरिएको छ । तीमध्ये आठ हजार ६६९ थान राहदानी सेवाग्राहीको घरदैलोमै पुऱ्याएर वितरण गरिएको छ । त्यसैगरी, सवारी चालक अनुमतिपत्रतर्फ यातायात व्यवस्था विभागबाट प्राप्त १० लाख ३८ हजार ८०८ थान अनुमतिपत्र सातै प्रदेशका यातायात व्यवस्था कार्यालयमा हुलाकमार्फत् पुऱ्याइएको छ । तीमध्ये एक हजार ९९




थान अनुमतिपत्र सेवाग्राहीको घरदैलोमै पुऱ्याइएको विभागले जनाएको छ ।

सवारी चालक अनुमतिपत्र घरदैलोमै पुऱ्याउने उद्देश्यले कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र हुलाक निर्देशनालय, सुर्खेतबीच समझदारीपत्रमा हस्ताक्षर भई सेवा सुरु भइसकेको छ । सुदूरपश्चिम प्रदेशमा पनि यस्तै सेवा विस्तार गर्न छलफल भइरहेको विभागले जनाएको छ ।

शैक्षिक प्रमाणपत्र घरदैलोमै पुऱ्याउने व्यवस्थाअन्तर्गत नेपाल खुला विश्वविद्यालय र हुलाक सेवा विभागबीच गत असार ८ गते सम्झौता भई सेवा कार्यान्वयनमा आएको छ । त्रिभुवन विश्वविद्यालयसँग पनि यस्तै सम्झौताका गर्नका लागि छलफल भइरहेको छ । स्वास्थ्य क्षेत्रमा पनि हुलाक सेवाको प्रयोग विस्तार भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सम्झौताअनुसार १७ वटा अस्पतालका एक हजार ४८० वटा प्रयोगशाला नमूना ढुवानी गरिएको छ । स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रसँग भएको सम्झौताअनुसार ४४ हजार १८४ थान सामग्री पनि हुलाकमार्फत् ढुवानी गरिएको छ । यस्तै, स्वास्थ्य बीमा बोर्डसँगको सम्झौताअनुसार २८ भन्दा बढी जिल्लास्थित स्वास्थ्य बीमा कार्यालयमा १३० बोरा स्वास्थ्य सामग्री ढुवानी गरिएको विभागले जनाएको छ ।

हाल सिमकार्डबाहेक नेपाल टेलिकमका अन्य सामग्री पनि हुलाक सेवामार्फत् ढुवानी भइरहेको छ । भूमि व्यवस्था तथा अभिलेख विभाग र हुलाक सेवा विभागबीच साउन ८ गते सम्झौता भई जग्गाधनी पुर्जा, सरकारी कागजातलगायत सामग्री ढुवानी तथा वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

महानिर्देशक पंगेनीका अनुसार हुलाक सेवालाई अझ प्रभावकारी बनाउन देशको ठेगाना प्रणालीलाई व्यवस्थित गर्नु आवश्यक छ । बसाइँसराइ हुँदा सम्बन्धित व्यक्तिले हुलाकलाई आफ्नो नयाँ ठेगानाबारे जानकारी दिने व्यवस्था गर्न सके सरकारी कागजात तथा सामग्री सम्बन्धित व्यक्तिसम्म पुऱ्याउन सहज हुने उहाँको भनाइ छ । हुलाकमार्फत् सामग्री ढुवानी गर्दा आवश्यक सवारीसाधनको व्यवस्थापनमा समस्या देखिएको तथा कम्प्युटरलगायत सूचना प्रविधिका साधनको अभावसमेत रहेको उहाँले बताउनुभयो । सेवा विस्तारसँगै यस्ता पूर्वाधार र स्रोतसाधनको व्यवस्थापनमा पनि ध्यान दिनसके सरकारी कुरियर सेवा थप प्रभावकारी हुनसक्ने उहाँको भनाइ छ ।

हुलाक सेवालाई परम्परागत चिठीपत्र आदानप्रदानको माध्यममा सीमित नराखी सरकारी सेवा तथा कागजात नागरिकको घरदैलोसम्म पुऱ्याउने भरपर्दो सार्वजनिक सेवा प्रणालीका रूपमा विकास गर्ने प्रयास भइरहेको विभागले जनाएको छ । सेवालाई थप प्रभावकारी, छरितो र कम खर्चिलो बनाउन डाँक मार्गको पुनरावलोकन गरी गत जेठ ३१ गते स्वीकृत गरिएको छ । त्यसैगरी, हुलाक सङ्केत प्रणालीलाई सात अङ्कीय बनाउँदै आन्तरिक निगरानी प्रणालीमा समेत

> हुलाक सेवा विभागका अनुसार २०८३ साउन २७ गतेसम्म ७६ जिल्लाका जिल्ला प्रशासन कार्यालयमा दुई लाख ४७ हजार ४३ थान राहदानी हुलाकमार्फत् ढुवानी गरिएको छ । तीमध्ये आठ हजार ६६९ थान राहदानी सेवाग्राहीको घरदैलोमै पुऱ्याएर वितरण गरिएको छ ।

स्तरोन्नति गरिएको विभागले जनाएको छ । सोसम्बन्धी अद्यावधिक विवरण अन्तर्राष्ट्रिय हुलाक सङ्घमा समेत पठाइएको छ ।

वैदेशिक हुलाक सेवालाई सहज बनाउन हुलाक सेवा विभागको समन्वयमा वैदेशिक हुलाक भन्सार कार्यालय र राष्ट्रिय वाणिज्य बैंकका सेवा बिदाका दिनसमेत सञ्चालन हुने व्यवस्था मिलाइएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट वैदेशिक हुलाक सामग्रीको ढुवानीलाई थप छरितो बनाउन त्यहाँ द्रुत चेकजाँच सेवा लागू गरिएको छ ।


हुलाक सामग्रीको हवाई ढुवानी सहज बनाउन यतिलगायत विभिन्न वायुसेवा कम्पनीसँग सम्झौता तथा पूरक सम्झौता गरिएको विभागले जनाएको छ । थप अन्तर्राष्ट्रिय गन्तव्य विस्तारका लागि कतारको राष्ट्रिय वायुसेवा कम्पनीसँग पनि सहकार्यका विषयमा छलफल भइरहेको छ । नेपाल वायुसेवासँग अन्तर्राष्ट्रिय डाँक ढुवानीको रकम भुक्तानीसम्बन्धी विषयमा छलफल गरी नेपाल वायुसेवा र हुलाक सेवा विभागबीच भएको सम्झौता संशोधन गर्ने निर्णय भएको विभागले जनाएको छ । हुलाक सेवालाई अन्तर ष्ट्रिय मापदण्डअनुसार व्यवस्थित गर्न अन्तर्राष्ट्रिय हुलाक सङ्घको सन् २०२५ को निर्देशिकाअनुसार पत्र तथा पार्सलसम्बन्धी विवरण अद्यावधिक गर्ने पहिलो चरणको काम सम्पन्न भएको छ भने दोस्रो चरणको काम सुरु गरिएको छ ।

हुलाकको आन्तरिक निगरानी प्रणालीलाई थप स्तरोन्नति गरी राहदानी विभागसँग प्रत्यक्ष जोड्ने विषयमा सूचना तथा सञ्चार मन्त्रालय, सूचना प्रविधि विभाग, केन्द्रीय हुलाक कार्यालय, राहदानी विभाग र परराष्ट्र मन्त्रालयबीच छलफलसमेत भएको छ । यससम्बन्धी अध्ययन टोलीले प्रतिवेदन पेस गरिसकेको विभागले जनाएको छ ।

सरकारको नीति तथा कार्यक्रमअनुसार देशभरका हुलाक कार्यालयलाई क्रमशः 'स्मार्ट हुलाक'मा रूपान्तरण गर्ने अभियानसमेत अघि बढाइएको छ । यसका लागि आवश्यक मापदण्ड स्वीकृत गरी ५० वटा हुलाक कार्यालयलाई सूचना प्रविधिमा आधारित आधुनिक हुलाकका रूपमा विकास गर्न छनोट गरिएको छ । त्यसैगरी, स्वास्थ्य सेवा विभागसँग औषधिजन्य सामग्री ढुवानीका लागि सम्झौता गर्ने विषयमा प्रारम्भिक छलफल सम्पन्न गरी आवश्यक प्रक्रिया अघि बढाइएको छ ।

गैरकर राजस्व अभिवृद्धि तथा सेवा प्रवाहलाई सहज बनाउन सुरक्षण मुद्रण केन्द्रसँगको सहकार्यमा ३४ लाख ७४ हजार थान हुलाक टिकट छपाइ गरिएको छ । थप हुलाक टिकट छपाइका लागि डिजाइन स्वीकृत गरी आवश्यक प्रक्रिया अघि बढाइएको विभागले जनाएको छ । हुलाक सेवाको प्रयोग बढाउन सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय विस्तार गरिएको छ । यस क्रममा द्रुत हुलाक, पार्सल तथा पत्र सेवासम्बन्धी अन्तरक्रिया र जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन् । रासस

# फर्जी हाजिरी गरेर तलब खाने शिक्षकहरुविरुद्ध भ्रष्टाचार मुद्दा



**टुडे समाचारदाता**

मलंगवा । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको मलंगवास्थित श्रीमती कृष्णादेवी जनता माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक र एक शिक्षिकाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

विद्यालयमा लामो समयदेखि अनुपस्थित रहेकी शिक्षिकाको फर्जी हाजिरी तयार गरी गैरकानुनी रूपमा तलब निकासा गरेको आरोपमा आयोगले तत्कालीन प्रधानाध्यापक विन्देश्वर यादव र तत्कालीन प्राथमिक द्वितीय श्रेणीकी शिक्षिका प्रियंका कुमारी सिंहविरुद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार दुवै प्रतिवादीबाट जनही ३ लाख ७१ हजार ३६ रुपैयाँ १० पैसा बिगो कायम गरी कानुनबमोजिम कैद, जरिवाना तथा बिगो असुलउपरको मागदाबी गरिएको छ । आयोगले दाबी गरे अनुसार शिक्षिका सिंह वि.सं. २०७९ वैशाखदेखि कात्तिक १८ गतेसम्म कुनै औपचारिक सूचना वा निवेदन नदिई विद्यालयमा अनुपस्थित रहेकी थिइन् ।

शिक्षा ऐनअनुसार मनासिव कारणबिना लामो समयसम्म अनुपस्थित रहने शिक्षकविरुद्ध कारबाहीको प्रक्रिया अघि बढाउनुपर्ने भए पनि तत्कालीन प्रधानाध्यापक यादवले उनको हाजिरी रजिस्टर खाली राखेका थिए । पछि शिक्षिका विद्यालयमा उपस्थित भएपछि अनुपस्थित अवधिको समेत एकमुष्ठ हाजिरी गराइएको र सो हाजिरीमा टिपेक्स लगाई अभिलेख सच्याएर पुनः हाजिर देखाइएको अनुसन्धानबाट खुलेको अख्तियारले भनाई छ ।

सोही संशोधित हाजिरी तथा बिदाको अभिलेखका आधारमा मलंगवा नगरपालिकाबाट शिक्षिकाको तलब निकासा गरिएको आयोगको दाबी छ ।

अनुसन्धानमा सिंह अनुपस्थित रहेको अवधिको साउनदेखि कात्तिकसम्म २ लाख ४० हजार ९१४ रुपैयाँ तथा वैशाख, जेठ र असार महिनाको १ लाख ३० हजार १२१ रुपैयाँ गरी कुल ३ लाख ७१ हजार ३६ रुपैयाँ गैरकानुनी रूपमा भुक्तानी भएको अख्तियारको अनुसन्धानबाट खुलेको छ ।


## सार्वजनिक सुनुवाई

सत्यदिप इनर्जी एण्ड मोविलिटी प्रा. लि. को स्थापनाको निमित्त हुन गईरहेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रर्योजनार्थ तल उल्लेखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई हुने भएकोले सरोकारवालाको उपस्तिथिको लागि अनुरोध छ।

**मिति : २०८३/०५/०१ गते सोमबार**
**समय : दिउसो १ बजे**
**स्थान : उद्योग रहेने स्थल, मिथिला नगरपालिका-०३, धनुषा, नेपाल**



## अधिकृत वारेशनामा बदर गरेको बारे

जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं ३ हाल वडा नं. ४ मा बस्ने राम लोचन ठाकुरको नाती जिवछ ठाकुरको छोरा ना.प्र.नं. ३९६९२२९६ मिति २०४६।१२।३० जिल्ला प्रशासन कार्यालय धनुषाबाट जारी भएको वर्ष ५३ को म कृष्ण चन्द्र ठाकुरले धनुषा जिल्ला अदालतबाट मिति २०८१।२।२ गतेमा ध.जि.अ. मा मेरो चलिरहेको बिगो नं. ३७५६ को विगो मुद्दा सम्बन्धी सम्पूर्ण काम कार्वाई गर्नको लागी जिल्ला महोत्तरी श्रीपुर गा.वि.स. वडा नं. ८ हाल परिवर्तित औरही न.पा. वडा नं. २ मा बस्ने रामलखन यादवको बुहारी दिपेन्द्र कुमार यादवको पत्नी ना.प्र.नं. ८६२६४३०८ जि.प्र.का. महोत्तरी मिति २०५७।९।२४ गतेमा प्राप्त गरेको व्यक्ति वर्ष ४५ की निलम अधिकारीलाई अधिकृत वारेशनामा नियुक्त गरेकोमा आज उप्रान्त उक्त बिगो नं. ३७५६ को बिगो मुद्दा सम्बन्धी सम्पूर्ण काम कार्यवाही म आफै गर्ने भएकोले मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५(१) (ग) नं. बमोजिम आजको मिति देखि अधिकृत वारेशनामा बदर गरी दिएको छु ।


# राष्ट्रियसभा : खाना पकाउने ग्याँसको कृत्रिम अभाव अन्त्य गर्न आग्रह

काठमाण्डु । राष्ट्रियसभाका सदस्यहरूले खाना पकाउने ग्याँसको अभावमा नागरिकले खाना खानै नपाउने अवस्था भएकाले समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

राष्ट्रियसभाको बिहीबारको बैठकको शून्य समयमा सदस्य विष्णुदेवी पुडासैनीले ग्याँसको अभावले नागरिकले खाना खानै नपाउने अवस्था भएकाले समस्या समाधान गर्न आग्रह गर्नुभयो । सदस्य कृष्णप्रसाद अधिकारीले खाना पकाउने ग्याँसको कृत्रिम अभाव भएकाले कालो बजारी नियन्त्रणका लागि कडा रूपमा अनुगमन गर्न आग्रह गर्नुभयो ।


सदस्य घनश्याम रिजालले अप्रत्याशित रूपमा पक्राउ गरिएका वरिष्ठ पत्रकार किशोर श्रेष्ठको रिहाइको माग गर्नुभयो । सदस्य पदमबहादुर



परियारले तनहुँ हाइडो निर्माण गर्दा सेती नदी बहाव परिवर्तन भई समस्या भएकाले समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

सदस्य रुक्मिणी कोइरालाले पाकिस्तानको हिमाल आरोहण गर्दा निधन भएका निर्मल पुर्जासहित छ जना नेपाली र अन्य तीन जनाको निधन भएकामा दुःख व्यक्त गर्नुभयो । सदस्य रेनु चन्दले कञ्चनपुरका आरक्ष पीडितले तीन दर्जन आयोग बन्दा पनि समस्या समाधान नभएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सदस्य विष्णुकुमारी सापकोटाले काठमाण्डु उपत्यकामा घर तथा कोठा भाडा नीति बनाएर घर र डेरा भाडा तोक्न माग गर्नुभयो । सदस्य विष्णुबहादुर विश्वकर्माले कालिकोट जिल्ला नरहरिनाथ गाउँपालिकाका स्थानीयवासीलाई बुधबार यत्तिकै धरपकड गरिएको भन्दै विरोध जनाउनुभयो । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जीवनरक्षाको औषधिमा राज्यको गम्भीर लापरबाही

मधेश प्रदेशका सरकारी स्वास्थ्य संस्थामा रेबिजविरुद्धको खोप (एआरभी) अभाव देखिनु सामान्य स्वास्थ्य सामग्रीको कमी देखिनुप्रति राज्य गम्भीर हुनु जरुरी छ । नागरिकको जीवनसंग प्रत्यक्ष जोडिएको गम्भीर विषय अन्तर्गत खोपसमेत पर्छ । कुकुर, स्याल वा अन्य रेबिज शंकास्पद जनावरले टोकेपछि समयमै खोप नलगाए ज्यानै जान सक्ने जोखिम हुन्छ। यस्तो अवस्थामा सरकारी स्वास्थ्य संस्थामै खोप नपाइनु राज्यको स्वास्थ्य व्यवस्थापनप्रति गम्भीर प्रश्न हो । पर्साको वीरगञ्जस्थित नारायणी अस्पतालमा दैनिक २० देखि ३० जना रेबिज खोपका लागि पुग्ने गरेको तथ्यले समस्या कति गम्भीर छ भन्ने देखाउँछ । एक महिनादेखि खोप उपलब्ध नहुँदा बिरामी निजी स्वास्थ्य संस्था वा औषधि पसलमा महँगो मूल्य तिरेर खोप लगाउन बाध्य छन् । अझ चिन्ताको विषय, पर्सासहित बारा, रौतहट तथा सीमावर्ती भारतबाट समेत बिरामी उपचारका लागि आउने गरेका छन् । मासिक पाँचदेखि छ सय भाइल खपत हुने अस्पतालमा नियमित आपूर्ति नहुनु आपूर्ति प्रणालीकै कमजोरी हो । जनकपुरधामको प्रादेशिक अस्पतालमा हाल खोप उपलब्ध भए पनि विगत नौ महिनासम्म अभाव रहनु पनि कम गम्भीर विषय होइन । मधेशका अन्य जिल्लामा समेत सरकारी संस्थामा खोपको उपलब्धता कमजोर रहेको स्वास्थ्यकर्मीहरूको भनाइ छ । यसबाट ग्रामीण क्षेत्रका, विशेषगरी न्यून आय भएका परिवारका नागरिक बढी प्रभावित हुने निश्चित छ । रेबिजको उपचारमा 'केही दिन पर्खौं' भन्ने सुविधा हुँदैन । जनावरले टोकेपछि चिकित्सकको सल्लाहअनुसार निर्धारित समयमा खोपको पूरा मात्रा लगाउनुपर्छ । रेबिजका लक्षण देखिएपछि रोग प्रायः घातक हुने भएकाले खोपको एउटा मात्रा पनि ढिलो हुनु जोखिमपूर्ण हुन सक्छ । त्यसैले अत्यावश्यक औषधिको आपूर्ति अवरुद्ध हुनु स्वीकार्य हुन सक्दैन । नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिजलाई शून्यमा झार्ने लक्ष्य लिएको छ । तर लक्ष्य घोषणा गरेर मात्र पुग्दैन । त्यसका लागि सरकारी स्वास्थ्य संस्थामा वर्षभरि पर्याप्त खोप मौज्दात हुनुपर्छ । संघीय खरिद प्रणालीमा मात्र निर्भर रहने प्रवृत्तिको पुनरावलोकन गर्दै प्रदेश र स्थानीय तहसम्म आपूर्ति व्यवस्थालाई चुस्त बनाउन आवश्यक छ । खुला सीमा, बाक्लो बस्ती र ग्रामीण क्षेत्रको ठूलो जनसंख्या रहेको मधेशमा रेबिज खोपको अभावलाई सरकारले विशेष प्राथमिकतामा राख्नुपर्छ । संघ, प्रदेश र स्थानीय तहबीच तत्काल समन्वय गरी आवश्यक खोपको पर्याप्त मौज्दात र सहज वितरण सुनिश्चित गरिनुपर्छ । जीवनरक्षाका लागि अत्यावश्यक खोपमा हुने ढिलाइ केवल प्रशासनिक कमजोरी होइन, नागरिकको स्वास्थ्य अधिकारमाथिको अन्याय हो । सरकारले एकातिर निःशुल्क औषधि वितरणलगायतको सेवा सुविधा प्रदान भइरहेको दाबी गरिरहँदा देशैभरिका विभिन्न अस्पतालमा खोपलगायतका औषधिजन्य सामग्रीको अभाव रहनुप्रति राज्यको गम्भीर्यता र संवेदनशीलतामाथि नै प्रश्न उठ्न सक्छ । त्यही भएर समयमै सचेत भइ जनतालाई दिनुपर्ने सेवाप्रति गम्भीर हुनुपर्छ ।

## नेपाली युवा :
# प्रमाणपत्र हातमा, राहदानी झोलामा !



● अर्जुन पौडेल निर्जन

हरेक वर्ष १२ अगस्टमा मनाइने अन्तर्राष्ट्रिय युवा दिवस केवल शुभकामना आदानप्रदान गर्ने दिन होइन। यो दिनले राज्य, समाज, परिवार, शैक्षिक संस्था, राजनीतिक दल र बजार सबैलाई एउटा गम्भीर प्रश्न सोध्छ, हामीले युवालाई भविष्यको नारा मात्र बनाएका छौं वा वर्तमानको साझेदार पनि मानेका छौं ?

संयुक्त राष्ट्रसङ्घीय प्रणालीले अन्तर्राष्ट्रिय युवा दिवसलाई युवाका मुद्दा, योगदान र चुनौतीलाई विश्व समुदायको ध्यानमा ल्याउने अवसरका रूपमा लिएको छ। पछिल्ला वर्षहरूमा यो दिवस दिगो विकास, स्थानीय युवा पहल, नवप्रवर्तन, समावेशिता र नेतृत्वसँग जोडिँदै आएको छ। नेपालका लागि यो दिवस झन् महत्त्वपूर्ण छ किनभने हाम्रो देशसँग ठूलो युवा जनसंख्या छ। तर त्यही युवा शक्ति रोजगारी, शिक्षा, उद्यम, राजनीति र सम्मानजनक भविष्यका लागि सङ्घर्ष गरिरहेको छ।

नेपालको युवा प्रश्नलाई बुझ्न पहिले जनसाङ्ख्यिक तथ्य हेर्नुपर्छ। राष्ट्रिय युवा नीति २०८२ ले नेपालको सन्दर्भमा १८ देखि ३५ वर्ष उमेर समूहलाई युवा मानेको छ। यसअघि धेरै नीति र कार्यक्रमले १६ देखि ४० वर्षलाई युवा मान्दै आएका थिए। नयाँ नीतिले युवालाई स्वस्थ, शिक्षित, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र राष्ट्र निर्माणमा सक्रिय बनाउने लक्ष्य राखेको छ। सोही नीतिमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, सीप, उद्यम, जलवायु न्याय, प्रविधि, सामाजिक सशक्तीकरण र नीति निर्माणमा अर्थपूर्ण सहभागितालाई प्राथमिकता दिइएको छ।

नेपालमा युवाको संख्या सानो छैन। युएनएफपीएको 'युथ इन नम्बर्स' विवरणअनुसार राष्ट्रिय जनगणना २०७८ मा १६ देखि ४० वर्ष उमेर समूहका मानिस १ करोड २४ लाख अर्थात् कुल जनसंख्याको ४२.६ प्रतिशत छन्। १५ देखि २४ वर्ष उमेर समूह मात्र करिब ५७ लाख छ जुन कुल जनसंख्याको १९.७ प्रतिशत हुन आउँछ। यो नेपालका लागि ठूलो अवसर हो। यस्तो जनसंख्या संरचनालाई विकास अर्थशास्त्रमा 'जनसाङ्ख्यिक लाभांश' भनिन्छ। तर लाभांश आफैँ आउँदैन। युवा स्वस्थ, शिक्षित, सीपयुक्त, रोजगारीमा जोडिएको र उत्पादनमा सक्रिय भए मात्र त्यो लाभांश बन्छ। नत्र यही ठूलो युवा समूह बेरोजगारीका कारण पलायन र विद्रोहको स्रोत बन्न सक्छ।शिक्षामा नेपालले उल्लेख्य प्रगति गरेको छ। युवा पुस्ता अघिल्लो पुस्ताभन्दा धेरै पढेको, प्रविधिसँग नजिक र संसारसँग जोडिएको छ। युएनएफपीएको विवरणअनुसार १५ देखि ३९ वर्ष उमेर समूहका ८७.४ प्रतिशत युवा साक्षर छन् भने १५ देखि २४ वर्ष उमेर समूहमा साक्षरता ९३.९ प्रतिशत पुगेको छ। यो सानो उपलब्धि होइन। तर आजको समस्या साक्षरता मात्र होइन, शिक्षा र अवसरबीचको सम्बन्ध हो।

धेरै युवा कक्षा १२ वा स्नातकपछि अलमलमा पर्छन्। पढाइ हुन्छ, सीप हुँदैन। प्रमाणपत्र हुन्छ, रोजगारी हुँदैन। आकाङ्क्षा ठूलो हुन्छ तर स्थानीय अवसर निकै सानो हुन्छ। यही अन्तरले युवालाई सहर, खाडी, मलेसिया, कोरिया, जापान, अस्ट्रेलिया, क्यानडा वा युरोपतिर धकेल्छ।

रोजगारीको तथ्याङ्कले युवाको पीडा स्पष्ट देखाउँछ। नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०२२/२३ अनुसार देशको बेरोजगारी दर १२.६ प्रतिशत छ। तर १५ देखि २४ वर्ष उमेर समूहमा बेरोजगारी २२.७ प्रतिशत पुगेको छ। यही सर्वेक्षणले श्रमशक्ति बाहिर रहेको जनसंख्या ६२.९ प्रतिशत रहेको देखाउँछ। यसले नेपालमा काम गर्न सक्ने उमेरका धेरै मानिस नियमित, औपचारिक र सम्मानजनक श्रम बजारमा नजोडिएको तथ्यलाई उजागर गर्छ। युवा बेरोजगारी केवल आर्थिक समस्या होइन। यो आत्मविश्वास, मानसिक स्वास्थ्य, परिवार, विवाह, सामाजिक सम्बन्ध र राजनीतिक विश्वाससँग जोडिएको गहिरो समस्या हो।

अझ गम्भीर तथ्य 'नीट' (NEET) सँग सम्बन्धित छ। नीट भन्नाले रोजगार, शिक्षा वा तालिम कुनैमा पनि नरहेका युवालाई बुझिन्छ। राष्ट्रिय जनगणना २०७८ को किशोर तथा युवा विषयगत प्रतिवेदनअनुसार १५ देखि २४ वर्षका २४.६ प्रतिशत नेपाली युवा रोजगार, शिक्षा वा तालिममा छैनन्। मधेस प्रदेशमा यस्तो दर ३६.७ प्रतिशत छ भने बागमतीमा १७.५ प्रतिशत छ। जातीय तथा सामाजिक समूहअनुसार पनि ठूलो असमानता छ। मधेस तथा तराईका दलित र केही धार्मिक समूहमा नीट दर ४५ प्रतिशतभन्दा माथि छ। यसले युवा समस्या सबैलाई समान रूपमा नलाग्ने, गरिब, दलित, मधेसी, ग्रामीण, महिला र सीमान्तकृत समुदायका युवामा अझ गहिरो असर पर्ने देखाउँछ।नेपाली युवाहरूको कथा वैदेशिक रोजगारीसँग गहिरो रूपमा जोडिएको छ। नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२४ अनुसार सन् २००८/०९ देखि २०२३/२४ सम्म करिब ५७ लाख नयाँ श्रम स्वीकृति जारी भएका छन्। २०२२/२३ र २०२३/२४ मा मात्र ९ लाख ५४ हजार ३ सय १९ नयाँ श्रम स्वीकृति र ५ लाख ५८ हजार २ सय ९७ पुनः श्रम स्वीकृति जारी भए। सोही प्रतिवेदनले वैदेशिक रोजगारीमा जाने धेरैजसो व्यक्ति १८ देखि ४४ वर्षको उत्पादनशील उमेर समूहका भएको र लगभग आधा २५ देखि ३४ वर्ष उमेर समूहमा परेको देखाएको छ। अर्थात्, नेपालले आफ्नो सबैभन्दा ऊर्जावान् श्रमशक्ति विदेश पठाइरहेको छ।

विप्रेषण (रेमिट्यान्स) ले अर्थतन्त्रलाई भने ठूलो सहारा दिएको छ। नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८२/८३ को पहिलो दस महिनामा विप्रेषण ४१.२ प्रतिशतले बढेर १९ खर्ब १६ अर्ब ९० करोड रुपैयाँ पुगेको छ ।

त्यही अवधिमा पहिलो पटक वैदेशिक रोजगारीको स्वीकृति लिने नेपाली ३ लाख ३५ हजार ५ सय १० र पुनः श्रम स्वीकृति लिने ३ लाख २६ हजार ३ सय ६४ थिए। विदेशी मुद्रा सञ्चिति, आयात क्षमता र परिवारको खर्चमा विप्रेषणले ठूलो राहत दिएको छ। तर प्रश्न उही हो, अर्थतन्त्र धान्न युवालाई विदेश पठाइरहने वा देशभित्रै उत्पादन, रोजगारी र उद्यमको आधार खडा गर्ने ?

विप्रेषणको सामाजिक मूल्य पनि ठूलो छ। नेपाल जीवनस्तर सर्वेक्षणले १९९५/९६ मा विप्रेषण प्राप्त गर्ने घरपरिवार २३.४ प्रतिशत रहेकोमा २०२२/२३ मा ७६.८ प्रतिशत पुगेको देखाउँछ। विप्रेषणको ठूलो हिस्सा दैनिक उपभोग र ऋण तिर्न प्रयोग हुन्छ। यसले परिवारलाई अभावबाट बचाउँछ तर उत्पादनमूलक लगानीमा अपेक्षित रूपान्तरण हुन सकेको छैन। धेरै घरमा पैसा आउँछ, तर युवा आउँदैन। घर बन्छ, तर घर खाली हुन्छ। गाउँमा वृद्ध, महिला र बालबालिका बढी हुन्छन्, खेत बाँझो हुन्छ र स्थानीय नेतृत्व कमजोर हुन्छ। बिदेसिने युवाको देशभित्रको गहिरो कथा यही हो । युवाको सन्दर्भमा विद्यार्थी पलायन पनि उत्तिकै महत्त्वपूर्ण छ। राष्ट्र बैंकका अनुसार २०८२/८३ को पहिलो १० महिनामा सेवा खाताअन्तर्गत यात्रा भुक्तानी १ खर्ब ७७ अर्ब ८७ करोड रुपैयाँ थियो, जसमा शिक्षाका लागि मात्र १ खर्ब २० अर्ब ५० करोड रुपैयाँ बाहिरिएको थियो। यसको अर्थ धेरै नेपाली परिवारले युवाको भविष्य देशभित्र होइन, विदेशमा सुरक्षित देख्न थालेका छन्। विदेश अध्ययन आफैँमा गलत होइन। ज्ञान, अनुभव र विश्वस्तरीय अवसर युवाको अधिकार हो। तर देशभित्रको शिक्षा, रोजगारी र अनुसन्धान प्रणालीप्रतिको विश्वास कमजोर भएर ठूलो संख्यामा विद्यार्थी बाहिरिनु चिन्ताको विषय हो।युवा उद्यमशीलताको सम्भावना ठूलो छ तर वातावरण कमजोर छ। गाउँमा कृषि, पशुपालन, जडीबुटी, पर्यटन, वन उत्पादन, हस्तकला, डिजिटल सेवा र स्थानीय प्रशोधन उद्योगमा युवाले काम गर्न सक्छन्। सहरमा सूचना प्रविधि, डिजाइन, ई-कमर्स, स्वास्थ्य सेवा, हरित ऊर्जा, रिसाइकलिङ, शिक्षा प्रविधि र साना उद्योगमा प्रशस्त अवसर छन्। तर पुँजी, धितो, बजार, कर प्रक्रिया, मेन्टरसिप, प्रविधि र नीतिगत स्थिरता नभए युवा उद्यम टिक्न गाह्रो हुन्छ। राष्ट्रिय युवा नीति २०८२ ले स्टार्टअप, इन्क्युबेसन सेन्टर, एकल विन्दु सेवा, वैदेशिक रोजगारीबाट फर्केका युवाको ज्ञान, सीप र पुँजी उपयोग, अनलाइन व्यवसाय, कृषि रोजगारी, सहुलियत ऋण, अनुदान, बिमा र कर छुटजस्ता उपाय उल्लेख गरेको छ। अब चुनौती भनेको ती नीतिलाई कागजबाट कार्यान्वयनमा ल्याउनु हो।



युवाको डिजिटल संसार अर्को ठूलो पक्ष हो। डाटारिपोर्टलको २०२६ विवरणअनुसार २०२५ को अन्त्यतिर नेपालमा १ करोड ६६ लाख इन्टरनेट प्रयोगकर्ता थिए जुन कुल जनसंख्याको ५६ प्रतिशत हो। सामाजिक सञ्जाल प्रयोगकर्ता पहिचान १ करोड ४८ लाख अर्थात् कुल जनसंख्याको करिब ५० प्रतिशत बराबर थियो। यसले नेपाली युवाको ठूलो हिस्सा डिजिटल क्षेत्रमा सक्रिय छ भन्ने देखाउँछ। तर डिजिटल पहुँच समान छैन ।

४४ प्रतिशत जनसंख्या अझै अफलाइन छ भन्ने तथ्यले डिजिटल विभाजन पनि देखाउँछ। इन्टरनेट मनोरञ्जन मात्र होइन, शिक्षा, रोजगारी, सीप, बजार, नागरिक सहभागिता र नवप्रवर्तनको माध्यम बन्नुपर्छ।

राजनीतिमा युवाको उपस्थिति पनि विरोधाभासपूर्ण छ। स्थानीय तहमा युवा प्रतिनिधि बढेको देखिए पनि सङ्घीय र शीर्ष नेतृत्वमा युवा अझै कम छन्। डेमोक्रेसी रिसोर्स सेन्टर नेपालको २०२५ को अध्ययनले प्रतिनिधिसभामा धेरै सदस्य ५१ देखि ६० वर्ष उमेर समूहका रहेको र १६ देखि ४० वर्षको पुरानो युवा परिभाषाअनुसार पनि केवल १२ प्रतिशत सदस्य मात्र युवा समूहमा पर्ने देखाएको छ। लोकतन्त्रमा युवा मतदाता, सडकको आवाज र सामाजिक सञ्जालको टिप्पणीकार मात्र होइनन्। उनीहरू नीति निर्माण, बजेट, कानुन, स्थानीय शासन र दलको नेतृत्वमा पनि अर्थपूर्ण रूपमा पुग्न जरुरी छ।

युवाको मानसिक स्वास्थ्यलाई पनि अब विकास बहसभन्दा बाहिर राख्न मिल्दैन। बेरोजगारी, परीक्षाको दबाब, वैदेशिक रोजगारीको ऋण, पारिवारिक अपेक्षा, सम्बन्ध, डिजिटल तुलना, असफलताको डर र भविष्यको अनिश्चितताले युवामा मानसिक तनाव बढाएको छ। विश्व स्वास्थ्य सङ्गठनले सन् २०२५ मा उल्लेख गरेको राष्ट्रिय तथ्याङ्कअनुसार १३ देखि १९ वर्षका ५.२ प्रतिशत किशोरकिशोरीमा निदानयोग्य मानसिक स्वास्थ्यको समस्या छ। ६ देखि १८ वर्षका १८.३ प्रतिशत बालबालिकामा भावनात्मक वा व्यवहारगत कठिनाइ देखिन्छ भने आत्महत्या १५ देखि २९ वर्षका युवामा मृत्युको तेस्रो प्रमुख कारण हो। यो तथ्यले 'युवा जोसिला हुन्छन्, आफैँ सम्हालिन्छन्' भन्ने पुरानो सोचलाई सिधै चुनौती दिन्छ।महिला युवा, दलित युवा, अपाङ्गता भएका युवा, मधेसी, आदिवासी जनजाति, कर्णाली तथा सुदूरपश्चिमका युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक युवा र विपन्न परिवारका युवाका चुनौती अलगअलग छन्। सबै युवालाई एउटै नीति र एउटै कार्यक्रमले समेट्न सक्दैन। महिला युवाले घरको अदृश्य श्रम, सुरक्षा, सम्पत्तिमा पहुँच, विवाहको दबाब र रोजगारीमा भेदभाव झेल्छन्। दलित र विपन्न युवाले शिक्षा, सञ्जाल (नेटवर्क), पुँजी र सामाजिक सम्मानको अभाव झेल्छन्। ग्रामीण युवाले अवसरको दूरी र सहरका युवाले महँगो जीवन, प्रतिस्पर्धा र मानसिक तनाव झेल्छन्। त्यसैले युवा नीति समावेशी, क्षेत्रगत र प्रमाणमा आधारित हुनुपर्छ।

जलवायु परिवर्तन पनि युवाको भविष्यसँग जोडिएको छ। बाढी, पहिरो, खडेरी, पानीको मुहान सुक्ने समस्या, कृषिमा अनिश्चितता र विपद्को जोखिमले ग्रामीण युवालाई थप असुरक्षित बनाउँछ। जलवायु न्यायको अर्थ भावी पुस्ताको अधिकार हो। युवा केवल विपद् राहतमा स्वयंसेवक हुने समूह होइनन्। उनीहरू हरित उद्यम, स्थानीय अनुकूलन योजना, वन संरक्षण, नवीकरणीय ऊर्जा, फोहोर व्यवस्थापन र जलस्रोत संरक्षणका मुख्य साझेदार हुन सक्छन्। राष्ट्रिय युवा नीति २०८२ ले पनि वातावरण संरक्षण, दिगो विकास, जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनमा युवाको सहभागिता सुनिश्चित गर्ने नीति लिएको छ।

अब के गर्ने ? पहिलो, शिक्षालाई रोजगारी र जीवन सीपसँग जोड्नुपर्छ। विद्यालयदेखि नै वित्तीय साक्षरता, डिजिटल सीप, व्यावसायिक सीप, आलोचनात्मक सोच, नागरिक शिक्षा र मानसिक स्वास्थ्यसम्बन्धी शिक्षा आवश्यक छ। दोस्रो, स्थानीय तहले आफ्नो क्षेत्रका युवाको सीप नक्सा बनाउनुपर्छ। को विदेशबाट फर्कियो, कसले के सीप सिक्यो, कसलाई कस्तो ऋण चाहिन्छ र कुन उत्पादनको बजार छ भन्ने तथ्यमा आधारित योजना चाहिन्छ। तेस्रो, युवा उद्यमका लागि सहुलियत ऋण, जोखिम साझेदारी, बजार सम्झौता, सार्वजनिक खरिदमा स्थानीय उत्पादनको प्राथमिकता र करमा सरलता चाहिन्छ ।

चौथो, वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउनुपर्छ। भाषा, सीप, करार, बिमा, कानुनी सहायता, गन्तव्य मुलुकमा दूतावास सेवा र फर्केपछि पुनः एकीकरण अनिवार्य हुनुपर्छ। पाँचौं, युवा राजनीति केवल नारा र भीड होइन, नेतृत्व निर्माणको विद्यालय बन्नुपर्छ।यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# मधेस प्रदेशमा प्राविधिक जनशक्ति उत्पादनमा राजर्षि जनक विश्वविद्यालयको भूमिका



● ऋषिकेश यादव

राजर्षि जनक विश्वविद्यालयको स्थापना हुनका लागि लामो समयसम्म विभिन्न तहबाट पहल र प्रयास गरिएको थियो । धनुषा जिल्लाको तत्कालीन गाउँ विकास समितिका सभापति रामसरोज यादवको संयोजकत्वमा वि.सं. २०५६ साल फागुन महिनामा विश्वविद्यालय स्थापनाको अवधारणा अगाडि बढाइएको थियो । विश्वविद्यालय स्थापना प्रक्रियाका क्रममा प्रारम्भिक रूपमा रु. १ लाख ६ हजार धरौटीसमेत जम्मा गरिएको थियो । लामो समयको प्रयासपछि अन्ततः वि.सं. २०७४ साल कार्तिक १२ गते राजर्षि जनक विश्वविद्यालयको औपचारिक स्थापना भयो ।

यसको केन्द्रीय कार्यालय जनकपुरधाममा रहेको छ, जुन मिथिलाको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक केन्द्रका रूपमा परिचित छ ।

राजर्षि जनक विश्वविद्यालय स्थापना भएदेखि नै मधेश प्रदेशमा गुणस्तरीय उच्च शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ अघि बढिरहेको छ । विश्वविद्यालयको पहिलो उपकुलपतिका रूपमा प्रा. डा. भरत झाले नेतृत्व गर्नुभयो भने रजिस्ट्रारमा महेन्द्र प्रसाद यादव नियुक्त हुनुभएको थियो । त्यसपछि दोस्रो उपकुलपतिका रूपमा प्रा. डा. अमर प्रसाद यादवले नेतृत्व सम्हाल्नुभयो भने रजिस्ट्रारको जिम्मेवारी सहायक प्राध्यापक सत्यनारायण साहले निर्वाह गर्नुभयो ।

यस विश्वविद्यालयले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न सरकारी तथा निजी क्याम्पसहरूलाई सम्बन्धन प्रदान गर्दै आएको छ । सम्बन्धन प्राप्त क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरूले विश्वविद्यालयको पाठ्यक्रमअनुसार शिक्षा प्राप्त गरिरहेका छन् । विश्वविद्यालयले आफ्नो केन्द्रीय क्याम्पसमार्फत समेत विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

राजर्षि जनक विश्वविद्यालयमा बी.बी.ए., बी.एससी. सीएसआईटी, बी.एससी. एम.एल.टी., बी.पी.एच., बी.डी.बीम., बी.ए. एल.एल.बी., एल.एल.बी., ब्याचलर इन मिथिला आर्ट्स , पूर्वीय दर्शन लगायतका विभिन्न शैक्षिक कार्यक्रम सञ्चालनमा रहेका छन् । यी कार्यक्रमहरूले विद्यार्थीहरूलाई आधुनिक ज्ञान, व्यवहारिक सीप तथा व्यावसायिक दक्षता प्रदान गर्ने लक्ष्य लिएका छन्। विशेषगरी स्वास्थ्य, सूचना प्रविधि, व्यवस्थापन, कानुन तथा मिथिला अध्ययनजस्ता विषयले मधेश प्रदेशमा दक्ष जनशक्ति उत्पादन गर्न महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

हाल विज्ञान, प्रविधि तथा सूचना प्रविधिको तीव्र विकास भइरहेको समयमा प्राविधिक शिक्षाको महत्त्व झन् बढ्दै गएको छ। मधेश प्रदेशमा बेरोजगारीको समस्या अझै गम्भीर रहेकाले प्राविधिक शिक्षा विस्तार गर्नु समयको आवश्यकता हो । वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई पनि आवश्यक सीप तथा प्राविधिक शिक्षा प्रदान गरी स्वरोजगार बन्न प्रेरित गर्न विश्वविद्यालयले महत्वपूर्ण भूमिका खेल्न सक्छ। यसले प्रदेशको आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ । यद्यपि





विश्वविद्यालयले अझै विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ। हालसम्म विश्वविद्यालयको आफ्नै स्थायी जग्गा तथा भवन छैन । लिजमा लिइएको स्थानबाट शैक्षिक तथा प्रशासनिक गतिविधि सञ्चालन गर्नुपरेको अवस्था छ । आधुनिक प्रयोगशाला, पुस्तकालय तथा अनुसन्धान केन्द्रको अभाव पनि अनुभव गरिएको छ । त्यस्तै स्थायी प्राध्यापक, संकाय सदस्य तथा कर्मचारीको कमीका कारण शैक्षिक र प्रशासनिक कार्यमा अपेक्षित गति आउन सकेको छैन ।

अर्कोतर्फ, केही विद्यार्थीहरू अध्ययनभन्दा दलीय राजनीतिमा बढी सक्रिय हुने प्रवृत्ति पनि देखिएको छ। विश्वविद्यालय परिसरमा शैक्षिक वातावरणलाई प्राथमिकता दिइ अनुशासन, अनुसन्धान तथा सिर्जनशील गतिविधिलाई प्रोत्साहन गर्नु आवश्यक देखिन्छ । विश्वविद्यालय भनेको ज्ञान, अनुसन्धान र नवप्रवर्तनको केन्द्र भएकाले सम्पूर्ण सरोकारवालाले त्यसअनुसारको वातावरण निर्माण गर्नुपर्ने आवश्यकता छ ।

राजर्षि जनक विश्वविद्यालयलाई अझ प्रभावकारी बनाउन केही महत्वपूर्ण कार्यहरू गर्न आवश्यक देखिन्छ । सबैभन्दा पहिले विश्वविद्यालयका लागि आफ्नै पर्याप्त जग्गा र आधुनिक भवन निर्माण गरिनुपर्छ । दक्ष तथा स्थायी प्राध्यापकहरूको व्यवस्थापन, अत्याधुनिक प्रयोगशाला र समृद्ध पुस्तकालयको स्थापना, सूचना प्रविधिमा आधारित शिक्षण प्रणालीको विकास तथा अनुसन्धानमूलक शिक्षामा जोड दिनुपर्छ। साथै संघीय सरकार, मधेश प्रदेश सरकार र स्थानीय तहबीच प्रभावकारी समन्वय कायम गरी आवश्यक बजेट तथा पूर्वाधारको व्यवस्था गर्नुपर्छ ।

विश्वविद्यालयअन्तर्गत सञ्चालन हुने केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, डिन कार्यालय तथा सम्बन्धित निकायहरूको नियमित अनुगमन र मूल्याङ्कन गरी सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन आवश्यक छ । क्याम्पस परिसरको सरसफाइ, शैक्षिक अनुशासन तथा विद्यार्थीमैत्री वातावरण निर्माणमा पनि विशेष ध्यान दिनुपर्छ ।

राजर्षि जनक विश्वविद्यालयले पहिलो पटक दीक्षान्त समारोह सम्पन्न गरी विभिन्न विषयमा अध्ययन पूरा गरेका विद्यार्थीहरूलाई समाज तथा राष्ट्रको सेवामा योगदान दिन सक्षम जनशक्तिका रूपमा विदाई गरिसकेको छ । यो विश्वविद्यालयका लागि एउटा महत्वपूर्ण उपलब्धि हो। आगामी दिनमा अझ बढी दक्ष, सक्षम र नैतिक जनशक्ति उत्पादन गरी मधेश प्रदेश मात्र होइन, सम्पूर्ण नेपालको विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

राजर्षि जनक विश्वविद्यालयको स्थापना तथा विकासमा विभिन्न राजनीतिक, सामाजिक तथा शैक्षिक व्यक्तित्वहरूको महत्वपूर्ण योगदान रहेको छ । विशेषगरी यस विश्वविद्यालय स्थापना प्रक्रियामा विमलेन्द्र निधिको योगदान उल्लेखनीय मानिन्छ । साथै विश्वविद्यालय स्थापना अभियानमा संलग्न अन्य व्यक्तित्वहरूको योगदान पनि सदैव स्मरणीय रहनेछ ।

अन्त्यमा, आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, गुणस्तरीय शैक्षिक वातावरण र प्रभावकारी व्यवस्थापनको सुनिश्चितता गर्न सकिएमा राजर्षि जनक विश्वविद्यालय मधेश प्रदेशमा मात्र होइन, राष्ट्रिय स्तरमै उत्कृष्ट प्राविधिक तथा अनुसन्धानमुखी विश्वविद्यालयका रूपमा स्थापित हुनेछ भन्ने विश्वास लिन सकिन्छ । यसले भविष्यमा दक, सीपयुक्त,प्रतिस्पर्धी र आत्मनिर्भर जनशक्ति उत्पादन गरी राष्ट्र निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । यो विश्वविद्यालय स्थापना गर्नुको अर्को उदेश्य भनेको मधेश प्रदेशमा रहेका विधार्थीहरु आफ्नै घरमा बसेर कम पैसामा उच्च शिक्षा प्राप्त गरोस्। प्राविधिक शिक्षा दिई रोजगारीको सृजना होस् ।

## जनताका चाहना असीमित, स्रोत सीमित छः अर्थमन्त्री

दमौली । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले जनताको आधार भूत आवश्यकता पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

तनहुँको व्यास नगरपालिका-१० दुम्सीमा बिहीबार मतदातासँगको भेटघाटमा उहाँले सीमित स्रोतसाधनकाबीच जनताका अपेक्षा पूरा गर्न सरकार क्रियाशील रहेको जानकारी दिनुभयो।

अर्थमन्त्री वाग्लेले भन्नुभयो, "बजेटका सीमाहरु छन्, रकम थोरै छ। जनताका अपेक्षा धेरै छन्। जुन बस्तीमा पुगेपनि जनताले खानेपानी, सडक, विद्यालय, स्वास्थ्यचौकी, तटबन्धन, खेलमैदानका माग गर्नुहुन्छ, सरकारले सक्दो त्यसलाई सम्बोधन गर्न प्रयास गरिरहेको छ।"रासस

# दैनिक उपभोग्य वस्तुको आपूर्ति सहज बनाउन सांसदको माग



काठमाण्डु । राष्ट्रियसभाका सांसहरूले सुरसरीलगायत क्षेत्रमा केही समय अघि भएका साम्प्रदायिक हिंसाका घटनाका दोषीउपर कारबाही गरी मुलुकभर शान्ति, सुव्यवस्था कायम गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ। राष्ट्रियसभाको आजको बैठकको विशेष समयमा उहाँहरूले शान्ति सुरक्षाका साथै दैनिक जीवनका आवश्यकता बस्तुको सहज परिपूर्ति गर्न माग गर्नुभयो।

बैठकमा नेपाली कांग्रेसका सांसद विष्णुकुमारी सापकोटाले नेपाली जनता खाना पकाउने ग्यास, महँगीको मारका परिरहेका प्रति सरकारको ध्यानाकर्षण गराउँदै मौलिक हकभित्र नै व्यवस्था भएको खाद्य, स्वास्थ्य शिक्षाको अधिकार सुनिश्चित गर्न माग गर्नुभयो। उहाँले सामाजिक सञ्जालबाट एक अर्कालाई गालीगलौज गर्नेक्रम बढ्दै जानुप्रति चिन्ता व्यक्त गर्दै पवित्र भूमि नेपालमा त्यस्तो असहिष्णुता सैह्य नहुने बताउनुभयो।

नेपाली कम्युनिष्ट पार्टीका सांसद रेणु चन्दले साम्प्रदायिक घटनाका नाममा मधेशमा भएको घटनाको दोषीउपर तत्काल कारबाही गरी उक्त क्षेत्रमा शान्ति, सुव्यवस्था कायम गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले पुराना राजनीतिक दलले ३५ वर्षमा केही गरेन भन्ने भाष्यमा यथार्थ नभएको भन्दै यस अवधिमा आर्थिक, शैक्षिक, विकासका धेरै काम भएको अध्ययन गरेर हेर्न आग्रह गर्नुभयो।

नेकपा (एमाले) सांसद मीना सिंह रखालले सरकारले सार्वजनिक गरेको सय कार्यसूचीमा नागरिकको जीवनमा प्रत्यक्ष सुधार ल्याउने लक्ष्य राखेको भए पनि सुकुमवासीको व्यवस्थापन प्रभावकारी हुन नसक्दा नागरिक थप पीडामा परेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले सरकारको कार्यसम्पादन फाइल र तथ्याङ्कले नभई नागरिकको जीवनस्तर सुधार, आधारभूत आवश्यकता सहज बनाउन जरुरी भएको बताउनुभयो।

जनता समाजवादी पार्टी नेपालका सांसद पूजा चौधरीले स्वास्थ्य सेवा मौलिक हकमै सुनिश्चित भए पनि अहिले पनि नेपालीहरूले उपचार गराउन घरबारी नै बेच्नुपर्ने अवस्था भएको रहेको बताउँदै कतिपय अवस्था उपचार नै गराउन नसकेको अवस्थाप्रति सरकारको ध्यानकर्षण गराउनुभयो। उहाँले हाल सरकारी अस्पलतमा गर्भवती र सुत्केरीलाई चाहिने आइरन चक्कीको कमी भएको, रेविजविरुद्धको खोप, सर्पदंशको उपचार हुन नसकेकोप्रति दुःख व्यक्त गर्नुभयो।

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले देशमा महँगी चुलिँदै जाँदा जनता मारमा परेको अवस्थामा ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने व्यवसायीप्रति कारबाही गर्न सरकारसँग माग गर्नुभयो। उहाँले तराईबाट धार्मिक दङ्गा भड्काउने खालको घटना भएकोप्रति सरकार सचेत भई आगामी दिनमा त्यस्ता कार्य हुनसक्नेतर्फ सचेत हुनुपर्ने माग गर्नुभयो।

कांग्रेसका वासुदेव घिमिरले सुकुमवासीको समस्या समाधान हुन नसकेको कृर्षकलाई समयमै मल र बीउ उपलब्ध हुन नसकेको, न्यायापालिका र व्यवस्थापिका, निजामती कर्मचारीलाई व्यवस्थित बनाउन नसकेको आरोप लगाउनुभयो। उहाँले नेपाल सरकारको पूर्ण स्वामित्वमा आँखा अस्पताल कुनै पनि नखोलेको भन्दै अहिले दृष्टिविहीनको संख्या ०.२८ प्रतिशत पुगिसकेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले काठमाण्डु बाहिर देशका अन्य क्षेत्रहरूमा पनि आँखा अस्पतालहरू स्थापना गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाली कम्युनिष्ट पार्टीका सांसद विष्णुबहादुर विश्वकर्माले जातीय छुवाछुत अन्त्यको माग गर्दै ८० दिनदेखि माइतीघरमा आन्दोलनरत्त व्यक्तिहरूलाई सरकारलाई तत्काल वार्तामा बोलाएर समस्याको समाधान गर्न आग्रह गर्नुभयो।

नेकपा (एमाले)का सांसद रुक्मिणि कोइरालाले अहिले नागरिकले दैनिक जीवनका उपभोग्य वस्तुको अभावमा पीडा पाइरहेको र रोजगारी तथा अध्ययनका लागि विदेश जाने युवाको सङ्ख्या अझै बढ्दै गएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले हाल मुलुकभरका विभिन्न बालसुधार केन्द्रमा धेरै समस्या देखिएकाले सरकारलाई त्यसप्रति ध्यान दिन आग्रह गर्नुभयो।

सांसद धर्मेन्द्र पासवानले विभिन्न समस्या र आर्थिक अभावले मुलुकमा आत्महत्या गर्नेक्रम बढेकोप्रति ध्यानाकर्षण गराउँदै त्यसको दीर्घकालीन समाधानका लागि सचेत हुन सरकारलाई आग्रह गर्नुभयो। रासस

# युवा पुस्तालाई परराष्ट्र नीतिको केन्द्रमा जोड्दै सरकार

काठमाण्डु । नेपालको परराष्ट्र नीतिलाई अनुसन्धानमा आधारित, समसामयिक तथा युवा पुस्ताको ज्ञान, सीप र विशेषज्ञतासँग जोड्ने उद्देश्यले सञ्चालन गरिएको 'परराष्ट्र मन्त्रालय समर फेलोसिप तथा इन्टर्नसीप कार्यक्रम-२०२६' सम्पन्न भएको छ।




परराष्ट्र मन्त्रालयको पहलमा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (आइएफए)ले सञ्चालन गरेको आठ साताको कार्यक्रममा नेपालभित्र तथा विदेशमा रहेका युवा नेपाली पेसाकर्मी, अनुसन्धानकर्ता तथा विद्यार्थीलाई नेपालको परराष्ट्र नीतिसँग सम्बन्धित प्राथमिकताका विषयमा प्रत्यक्ष अनुसन्धान गर्ने अवसर प्रदान गरिएको थियो। असारदेखि सञ्चालन भएको कार्यक्रममा नीति तथा अनुसन्धानका क्षेत्रमा रुचि राख्ने १० जना फेलो र १० जना इन्टर्न सहभागी थिए। कार्यक्रम स्वेच्छिक आधारमा सञ्चालन गरिएको थियो।

समर फेलोसिपमा नेपालको रक्षा कूटनीतिमाथि अध्ययन तथा अनुसन्धान गर्नुभएकी डा हिन्दू संस्कृतिका कार्कीले परराष्ट्र मन्त्रालयले आयोजना गरेको समर फेलोसिप कार्यक्रम आफ्ना लागि महत्त्वपूर्ण अवसर भएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो फेलोसिपको अवधिमा हामीले सरकारसँग नजिक रहेर काम गर्ने अवसर पायौँ र विभिन्न निकायसँग सहकार्य पनि गर्‍यौँ। साथै, यसले आफ्नो क्षमता अभिवृद्धिका लागि महत्त्वपूर्ण योगदान दिएको छ। यसबाट विदेश मामिलामा देशलाई पनि टेवा पुग्ने देखिन्छ", डा कार्कीले चीनको साङ्घाइस्थित फुदान विश्वविद्यालयबाट अन्तरराष्ट्रिय राजनीतिमा विद्यावारिधि (पिएचडी) गर्नुभएको छ।

### परराष्ट्र नीतिमा युवाको ज्ञान र विशेषज्ञता जोड्ने प्रयास

नेपालको परराष्ट्र नीति दीर्घकालीन राष्ट्रिय हितमा आधारित रहेको छ। मन्त्रालयले बदलिँदो अन्तरराष्ट्रिय परिवेशमा नेपालको कूटनीतिक संलग्नताको गुणस्तर र पहुँचलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउँदै आएको छ। आर्थिक कूटनीति, लगानी प्रवर्द्धन, व्यापार विस्तार तथा द्विपक्षीय र बहुपक्षीय सम्बन्ध सुदृढीकरणलाई नेपालको विकाससँग जोडेर अघि बढाउन अनुसन्धान र नयाँ ज्ञानको भूमिका महत्त्वपूर्ण हुने मन्त्रालयले जनाएको छ।

> "यो फेलोसिपको अवधिमा हामीले सरकारसँग नजिक रहेर काम गर्ने अवसर पायौँ र विभिन्न निकायसँग सहकार्य पनि गर्‍यौँ। साथै, यसले आफ्नो क्षमता अभिवृद्धिका लागि महत्वपूर्ण योगदान दिएको छ। यसबाट विदेश मामिलामा देशलाई पनि टेवा पुग्ने देखिन्छ"

नेपाल अतिकम विकसित मुलुकको सूचीबाट स्तरोन्नति हुने प्रक्रियामा रहेकाले आगामी दिनमा अन्तरराष्ट्रिय व्यापार, सहुलियतपूर्ण वित्तीय पहुँच तथा विकास साझेदारीका स्वरूपमा परिवर्तन आउने अपेक्षा गरिएको छ। यस्तो सङ्क्रमणलाई व्यवस्थापन गर्न नेपालको परराष्ट्र नीति र कूटनीतिक संयन्त्रलाई थप सक्षम बनाउनुपर्ने अवस्थामा युवा अनुसन्धानकर्ता र पेसाकर्मीको ज्ञानलाई नीतिगत तहसँग जोड्ने प्रयासका रूपमा समर फेलोसिप तथा इन्टर्नसिप कार्यक्रम अघि सारिएको हो।

परराष्ट्रमन्त्री शिशिर खनालले विदेशमा अध्ययन तथा पेसागत क्षेत्रमा सक्रिय नेपाली युवासँग रहेको ज्ञान, सीप, अनुभव र अन्तरराष्ट्रिय सञ्जाललाई नेपालको राष्ट्रिय हितमा उपयोग गर्न सकिने सम्भावनालाई कार्यक्रमको आधार बनाइएको बताउनुभयो। मन्त्रालयले युवा नेपाली पेसाकर्मी तथा अनुसन्धानकर्तासँग संरचित साझेदारी निर्माण गर्ने नीति लिएको उहाँको भनाइ थियो। कार्यक्रममार्फत सहभागी युवाले मन्त्रालयका प्राथमिकताका क्षेत्रमा भइरहेको नीतिगत कामलाई नजिकबाट बुझ्ने अवसर पाएका थिए।

### ज्ञान, साझेदारी र सञ्जाल

समर फेलोसिप तथा इन्टर्नसीप कार्यक्रमलाई मुख्यतः ज्ञान, साझेदारी र सञ्जाल गरी तीन आधारमा विकास गरिएको थियो। ज्ञानतर्फ नेपालको आगामी परराष्ट्र नीतिलाई प्रभावित गर्ने विषयमा स्वतन्त्र तथा विश्लेषणमा आधारित अनुसन्धान उत्पादन गर्ने लक्ष्य राखिएको थियो।

सहभागीले आफ्नो शैक्षिक प्रशिक्षण, अनुसन्धान सीप तथा क्षेत्रगत विशेषज्ञताको प्रयोग गरेका थिए। साझेदारीतर्फ सरकार र नेपालका विषयमा अनुसन्धान तथा पेसागत रूपमा संलग्न समुदायबीच कार्यगत सम्बन्ध विकास गर्ने उद्देश्य राखिएको थियो। सहभागीले मन्त्रीस्तरीय तहमा परराष्ट्र नीति कसरी निर्माण तथा कार्यान्वयन हुन्छ भन्ने बुझ्ने अवसर पाए भने मन्त्रालयले विश्वव्यापी अभ्यासबाट आएका नयाँ दृष्टिकोण र ज्ञान प्राप्त गर्ने अपेक्षा गरिएको थियो।

त्यस्तै, सञ्जाल निर्माणलाई कार्यक्रमको दीर्घकालीन पक्षका रूपमा लिइएको थियो।

कार्यक्रम पूरा गरेका सहभागीलाई मन्त्रालयको काम बुझेका र भविष्यमा योगदान गर्नसक्ने पेसाकर्मीको समुदायसँग जोडिने व्यवस्था गरिएको थियो। भविष्यमा उनीहरूलाई सल्लाहकार, समीक्षक वा सहकार्यकर्ताका रूपमा उपयोग गर्न सकिने मन्त्रालयको अपेक्षा छ।

### दश विषयमा अनुसन्धान

कार्यक्रमअन्तर्गत सहभागीले तोकिएका १० वटा अनुसन्धान विषयमध्ये एउटा विषय छनोट गरी त्यसअन्तर्गत आफ्नै मौलिक अनुसन्धान प्रश्न तयार गरेका थिए। मन्त्रालयले विषयको व्यापक क्षेत्र निर्धारण गरेको थियो भने त्यसको सीमाभित्र सहभागीले आफ्नो रुचि, विशेषज्ञता र अनुभवअनुसार अनुसन्धान प्रश्न तय गरेका थिए।

अनुसन्धानका लागि रणनीतिक मामिला तथा सार्वजनिक अन्तरराष्ट्रिय कानुन, डिजिटल सुशासन तथा प्रविधि नीति, उदीयमान प्रविधि तथा राष्ट्रिय सुरक्षा, द्वन्द्व, अस्थिरता तथा आर्थिक जोखिम र जलवायु कूटनीति तथा वातावरणीय मामिलालाई प्रमुख विषयका रूपमा राखिएको थियो।

त्यस्तै, ऊर्जा सङ्क्रमण तथा कूटनीति, मानव गतिशीलता, श्रम कूटनीति तथा श्रमिक अधिकार, डायस्पोरा, अन्तरदेशीय समुदाय तथा परराष्ट्र नीति, पर्यटन, संस्कृति तथा सार्वजनिक कूटनीति तथा विकास वित्त तथा लगानी कूटनीतिसमेत अनुसन्धानका विषय थिए।

यी विषयबाहेक नेपालको परराष्ट्र नीतिसँग महत्त्वपूर्ण सम्बन्ध भएको अन्य विषयमा खुला अनुसन्धान प्रस्ताव पनि पेस गर्न सकिने व्यवस्था गरिएको थियो। यसरी छनोट गरिएका विषयले नेपालको परराष्ट्र नीतिका परम्परागत प्राथमिकतासँगै प्रविधि, जलवायु परिवर्तन, श्रम आप्रवासन, ऊर्जा, डायस्पोरा, सार्वजनिक कूटनीति तथा विकास वित्तजस्ता उदीयमान विषयलाई समेटेका थिए।

### मन्त्रालयको प्रत्यक्ष अनुभव

कार्यक्रमले अनुसन्धानलाई मात्र प्राथमिकता दिएको थिएन। सहभागीलाई मन्त्रालयको कार्यप्रणाली र नीतिगत प्रक्रियासँग प्रत्यक्ष जोड्ने व्यवस्था पनि गरिएको थियो। सहभागीले मन्त्रालयका सम्पर्क अधिकारीसँग साप्ताहिक बैठकमा सहभागी भई आफ्नो अनुसन्धानको प्रगति, चुनौती र आगामी योजनाबारे छलफल गरेका थिए।

साताको मध्यमा अन्य सहभागीबीच अनुसन्धानका निष्कर्ष आदानप्रदान गर्ने सत्रसमेत सञ्चालन गरिएको थियो। त्यस्तै, परराष्ट्र नीति र नेपालको अन्तरराष्ट्रिय सम्बन्धसँग सम्बन्धित विभिन्न विषयमा विज्ञ, अभ्यासकर्ता, पूर्वकूटनीतिज्ञ तथा क्षेत्रगत विशेषज्ञले प्रस्तुति दिनुभएको थियो।

सहभागीले यस्ता सत्रमार्फत नेपालको कूटनीतिक अभ्यास तथा अन्तर्राष्ट्रिय सम्बन्धका विभिन्न पक्षबारे थप जानकारी लिएका थिए। यसले सहभागीलाई पुस्तक तथा शैक्षिक सामग्रीमा सीमित नरही मन्त्रालयको प्रत्यक्ष कार्यप्रणाली, नीति निर्माण प्रक्रिया र कूटनीतिक अभ्यासलाई नजिकबाट बुझ्ने अवसर दिएको थियो।

### आठ हप्ताको अनुसन्धान

कार्यक्रमको पहिलो हप्तामा मन्त्रालयमा औपचारिक अभिमुखीकरण गरिएको थियो। वरिष्ठ अधिकारीको उपस्थितिमा सहभागीको परिचय गराउँदै उनीहरूले अघि बढाउने अनुसन्धानका विषय तथा प्रश्न औपचारिक रूपमा दर्ता गरिएको थियो।

दोस्रो हप्तामा प्रत्येक सहभागीले अनुसन्धान प्रश्न, विधि, स्रोत तथा अपेक्षित नतिजा समेटिएको कार्ययोजना बुझाएका थिए। तेस्रो हप्तामा वरिष्ठ पेसाकर्मीसँग पहिलो संरचित मार्गदर्शन सत्र सञ्चालन गरिएको थियो। चौथो हप्तामा मध्यावधि समीक्षा गरिएको थियो, जहाँ सहभागीले आफ्नो अनुसन्धानका प्रारम्भिक निष्कर्ष मन्त्रालयका सम्पर्क अधिकारीसमक्ष प्रस्तुत गरेका थिए।

छैटौं हप्तामा दोस्रो मार्गदर्शन सत्र सञ्चालन गरिएको थियो। त्यसबेलासम्म सहभागीले आफ्नो अनुसन्धानको मस्यौदा तयार गरिसकेका थिए। सातौं हप्तामा अनुसन्धानको पूर्ण मस्यौदा मन्त्रालयमा पेस गरिएको थियो र मन्त्रालयले त्यसमा लिखित प्रतिक्रिया दिएको थियो। आठौं तथा अन्तिम हप्तामा सहभागीले मन्त्री वा वरिष्ठ अधिकारीसमक्ष आफ्नो अनुसन्धान प्रस्तुत गरेका थिए। अन्तिम अनुसन्धान सामग्री बुझाएपछि उनीहरूलाई भविष्यमा मन्त्रालयसँग सहकार्यका लागि समर फेलोसिप तथा इन्टर्नसिप सञ्जालमा आबद्ध गरिएको थियो।

### सिफारिससहितको नीतिगत अनुसन्धान

कार्यक्रमको मुख्य उपलब्धिका रूपमा प्रत्येक सहभागीले एउटा नीतिगत अनुसन्धान दस्तावेज तयार गरेका थिए। दस्तावेजमा नीतिगत निर्णयकर्तालाई लक्षित गरेर तयार गर्नुपर्नेमा जोड दिएको थियो। यसले अनुसन्धानलाई केवल शैक्षिक अभ्यासका रूपमा नभई नेपालको परराष्ट्र नीतिनिर्माण र कार्यान्वयनमा उपयोगी हुने नीतिगत सामग्रीका रूपमा विकास गर्ने उद्देश्यलाई प्रतिबिम्बित गरेको थियो।

कार्यक्रममा सहभागी हुन स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत, त्यस्तो डिग्री हासिल गरेका वा पछिल्लो डिग्री पूरा गरेको दुई वर्षभित्रका नयाँ स्नातकलाई लक्षित गरिएको थियो। स्नातक पूरा गरिसकेकालाई प्राथमिकता दिइएको थियो। आवेदकसँग तोकिएका अनुसन्धान विषयमध्ये कुनै एकसँग सम्बन्धित शैक्षिक प्रशिक्षण, विशेषज्ञता वा व्यावसायिक अनुभव हुनुका साथै वरिष्ठ सरकारी तहमा नीतिगत छलफललाई सहयोग पुऱ्याउनसक्ने स्तरको अनुसन्धान तथा लेखन क्षमता आवश्यक मानिएको थियो।

### प्राप्त बौद्धिक सम्पत्ति मन्त्रालयमा

सहभागीले मन्त्रालयबाट प्राप्त सूचना, आन्तरिक दस्तावेज तथा संवेदनशील सामग्रीको गोपनीयता कायम गर्नुपर्ने व्यवस्था थियो। यस्तो दायित्व कार्यक्रम सम्पन्न भएपछि पनि कायम रहने व्यवस्था गरिएको थियो। त्यस्तै, कार्यक्रमका क्रममा तयार भएका अनुसन्धान सामग्रीलाई सहभागी र परराष्ट्र मन्त्रालयको संयुक्त बौद्धिक सम्पत्तिका रूपमा परिभाषित गरिएको थियो।

अनुसन्धान प्रकाशन गर्न चाहने सहभागीले मन्त्रालयको पूर्वलिखित स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको थियो। मन्त्रालयले सहभागीको योगदानलाई उचित रूपमा उल्लेख गर्दै अनुसन्धान सामग्रीलाई आफ्नो नीतिगत काममा प्रयोग, परिमार्जन वा त्यसमा आधारित थप काम गर्नसक्ने व्यवस्था गरेको थियो। समर फेलोसिपमा सहभागी नेपाली युवा राशेष श्रेष्ठले नेपाल सरकार, परराष्ट्र मन्त्रालयले आयोजना गरेको यो कार्यक्रम महत्त्वपूर्ण रहेको बताउनुभयो।

जापानस्थित इन्स्टिच्युट अफ डेभलपिङ इकोनोमिजमा अनुसन्धान फेलोका रूपमा कार्यरत श्रेष्ठले भन्नुभयो, "यस कार्यक्रमले हामीलाई धेरै कुरा सिक्ने अवसर प्रदान गरेको छ।" श्रेष्ठले समर फेलोसिप कार्यक्रमले नेपाली परराष्ट्र नीति र विदेशमा रहेका नेपालीलाई जोड्ने काम गरेको बताउनुभयो। उहाँले कार्यक्रममा नेपालको श्रम मामिलासम्बन्धी विषयमा अनुसन्धान गर्नुभएको थियो।

### संस्थागत ज्ञान र नयाा पुस्ताबीच पुल

परराष्ट्रमन्त्री खनालले समर फेलोसिप तथा इन्टर्नसिप कार्यक्रमले मन्त्रालयको संस्थागत ज्ञान र नयाँ पुस्ताको अनुसन्धान तथा अन्तरराष्ट्रिय अनुभवबीच पुल निर्माण गर्ने प्रयास गरेको बताउनुभयो। "नेपालले बदलिँदो विश्वव्यवस्था, प्रविधि, जलवायु परिवर्तन, श्रम आप्रवासन, ऊर्जा सङ्क्रमण, लगानी तथा विकास वित्तजस्ता विषयमा आफ्नो कूटनीतिक प्राथमिकता पुनःपरिभाषित गर्दै जाँदा युवा पुस्ताको अनुसन्धान र विशेषज्ञतालाई नीतिगत तहमा जोड्ने यो प्रयास दीर्घकालीन कूटनीतिक क्षमता निर्माणसँग जोडिएको कार्यक्रमका रूपमा प्रस्तुत गरिएको छ", उहाँले भन्नुभयो।रासस


## बलवा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बलवा, महोत्तरी
### मधेश प्रदेश, नेपाल

# पोखरी ठेक्काको आन्तरिक आय बन्दोबस्त सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२८ गते)

उपरोक्त सम्बन्धमा मिति २०८३/०४/२७ गतेको बलवा नगरकार्यपालिकाको बैठकको निर्णयानुसार आ.व. २०८३/०८४ को लागि तपसिलमा उल्लेखित पोखरीहरुको सिलबन्दी बोलपत्र/दरभाउपत्रद्वारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपसिलमा उल्लेखित शर्तहरु बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर बुझाई बोलपत्र/दरभाउपत्र खरीद गरी आफूले कबोल गरेको दररेट भरी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू :-**

१. बोलपत्र/दरभाउपत्र साथ ठेक्का लिने व्यक्ति/फर्म/संस्थाले इजाजत प्रमाणको प्रतिलिपि, पान नं./भ्याट नं. को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्नेछ। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।
२. बोलपत्र/दरभाउपत्र फारम यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन दिनको ५:०० बजेसम्म यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको आन्तरिक राजस्व खाता नं १२७०१००३०१०१०००२(ग-१-१) मा रु १५०० जम्मा गरी सोको भौचर वा नगद जम्मा गरेको राजस्व बिल जम्मा गरी खरिद गरी ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। उक्त बोलपत्र/दरभाउपत्र यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा सोही दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ। तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि उक्त शिलबन्दी बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
३. बोलपत्र/दरभाउपत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३-१२७०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगदै खाम बन्दी गरी पेश गर्नु पर्ने छ।
४. सिलबन्दी नगरी वा म्याद भित्र प्राप्त नभएका बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
५. एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र/दरभाउपत्र अर्को व्यक्ति वा फर्मले प्रयोग गर्न सक्ने छैन।
६. बोलपत्र/दरभाउपत्रमा दर रेट अंक र अक्षरमा प्रष्ट खुलाई पेश गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।
७. बोलपत्र/दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट गरिने छ।
८. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।
९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित कानून तथा आर्थिक ऐन-नियमावली बमोजिम हुनेछ र थप कुरा बुझ्न परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।
१०. सरकारी पेश्की, बेरुजु, बाँकी रहेको व्यक्ति वा फर्मलाई ठेक्का दिइने छैन।
११. ठेक्का स्वीकृत भए पछि सम्झौतामा उल्लेखित रकम ३ किस्तामा नगद यस कार्यालयको बैंक खातामा बुझाई बैंक भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ।
१२. प्रत्येक खण्डको छुट्टा छुट्टै बोलपत्र/दरभाउपत्र फारम खरिद गरी छुट्टा छुट्टै पेश गर्नु पर्ने छ।
१३. ठेक्का स्वीकृत भएको सात दिनभित्र स्वीकृत भएको बोलपत्र/दरभाउपत्र दातालाई सोको सूचना दिइने छ। ७ दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरी त्यस पछिको बोलपत्र दातालाई सूचना दिइने छ। ठेक्का बन्दोबस्तको सम्झौता भए पछि मात्र बाँकीको धरौटी रकम फिर्ता हुने छ।
१४. पोखरी ठेक्का अवधि सम्झौता भएको मिति देखि ३ (तीन) वर्षका लागि कायम गरिएको छ।
१५. पोखरी ठेक्काको सम्झौता भए पछि पहिलो किस्ता यस कार्यालयको आन्तरिक राजस्व खातामा जम्मा गर्नु पर्नेछ र बाँकी अवधिको लागि दोस्रो र तेस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा सम्झौता मिति देखि ३ बर्ष सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) वा अचल सम्पत्ति धितोमा राखी पेश गरे पछि मात्र चलन पुर्जी दिइनेछ।
१६. ठेक्कामा लाग्ने नियमानुसारको मूल्य अभिवृद्धि कर र अग्रिम आय कर वा प्रचलित कानून अनुसार लाग्ने अन्य करहरु ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ।
१७. पट्टामा उल्लेखित दररेट र सम्झौता शर्तहरु अनुसार मात्र कार्य गर्न पाउने छ। कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेमा ठेक्का कुनै पनि बेला तोड्न सकिनेछ।
१८. सूचनामा उल्लेख नभएका विषय प्रचलित ऐन-कानून बमोजिम हुनेछ।

**तपसिलः-**

| सि.नं | पोखरीको नाम | न्युनत्तम कबोल अंक रु. (मु.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुनिलाल पोखरी | १८,१९,७४१.०० | १५००.०० | कबोल रकमको ५ % हुने आउने रकम | |
| २ | पुर्णी पोखरी | ७,५२,०००.०० | १५००.०० | कबोल रकमको ५ % हुने आउने रकम | |
| ३ | निकाल पोखरी | १३,२५,५००.०० | १५००.०० | कबोल रकमको ५ % हुने आउने रकम | |
| ४ | कुट्टी पोखरी | १५,४०,०००.०० | १५००.०० | कबोल रकमको ५ % हुने आउने रकम | |

**प्रमुख प्रशासकीय अधिकृत**

# हर्मुज नखुलेको इरानको दाबी



एएफपी । इरानले हर्मुजको जलघाँटीमा अमेरिकाको 'पूर्ण नियन्त्रण' कायम रहेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दाबी अस्वीकार गर्दै रणनीतिक जलमार्ग अझै अवरुद्ध रहेको र तेहरानले राखेका सर्त पूरा नभएसम्म पूर्ण रूपमा नखोलिने जनाएको छ । यससँगै महत्त्वपूर्ण समुद्री मार्गलाई लिएर अमेरिका र इरानबीचको दाबी-प्रतिदाबी थप चर्किएको छ ।

पर्सियन गल्फ स्ट्रेट अथोरिटी (पिजिएसए) ले सामाजिक सञ्जाल एक्समार्फत अमेरिकी अधिकारीहरूले हर्मुजको जलघाँटी अवरुद्ध नरहेको भन्दै गरेका दाबीले वास्तविक अवस्था परिवर्तन नगर्ने बताएको छ । संस्थाका अनुसार जलघाँटी अझै अवरुद्ध छ र इरानले राखेका सर्त स्वीकार नभएसम्म त्यसलाई पुनः खोलिने छैन ।

इरानको यस्तो प्रतिक्रिया राष्ट्रपति ट्रम्पले हर्मुजको जलघाँटीमा अमेरिकाको 'पूर्ण नियन्त्रण' रहेको र त्यसलाई कायम राख्ने बताउनुभएको केही घण्टापछि आएको हो । ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमा अमेरिकी नौसेनाको उपस्थितिलाई 'स्टिलको पर्खाल' को संज्ञा दिँदै इरानले त्यसविरुद्ध केही गर्न नसक्ने दाबी गर्नुभएको थियो ।

ट्रम्पले आफ्नो सन्देशमा अमेरिकी नौसेनाले हर्मुज क्षेत्रमा नाकाबन्दी कायम राखेको उल्लेख गर्दै इरानको सैन्य पूर्वाधारमा गम्भीर क्षति पुऱ्याइएको दाबी गर्नुभएको थियो । उहाँले इरानको आर्थिक अवस्थामाथि समेत टिप्पणी गर्दै उच्च मुद्रास्फीतिको सामना गरिरहेको बताउनुभएको थियो ।

हर्मुजको जलघाँटी विश्वव्यापी ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण समुद्री मार्ग हो । विश्वमा हुने पेट्रोलियम व्यापारको करिब २० प्रतिशत यही मार्ग हुँदै हुने भएकाले यहाँ हुने कुनै पनि लामो अवरोध वा तनावले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य, ढुवानी र आपूर्ति व्यवस्थामा प्रत्यक्ष असर पार्न सक्छ ।

जलघाँटीलाई लिएर पछिल्लो तनाव इरानी, इजरायली र अमेरिकी सेनाबीच हप्तौँदेखि जारी सैन्य आदानप्रदानपछि बढेको हो । तेहरानले यसअघि पनि आफूविरुद्ध बाह्य दबाब र सैन्य कारबाही बढेमा समुद्री यातायात सीमित वा अवरुद्ध गर्न सक्ने चेतावनी दिँदै आएको थियो । यसले तनावलाई हर्मुजबाट बाहिर फराकिलो क्षेत्रीय द्वन्द्वमा परिणत हुन सक्ने आशङ्का बढाएको छ ।

अमेरिकाले यसको प्रतिक्रियामा खाडी क्षेत्रमा आफ्नो नौसैनिक उपस्थिति उल्लेख्य रूपमा बढाएको छ । वासिङ्टनले अन्तर्राष्ट्रिय समुद्री आवागमनको स्वतन्त्रता सुनिश्चित गर्नु आफ्नो प्रमुख सुरक्षा प्राथमिकता भएको बताउँदै आएको छ ।

तर सैन्य तनावसँगै अमेरिका र इरानबीच कूटनीतिक सम्पर्कको प्रयाससमेत जारी रहेको जनाइएको छ । दुवै देशका प्रतिनिधिहरूले हर्मुजको सङ्कट कम गर्ने तथा नियमित व्यापारिक समुद्री यातायात पुनः सञ्चालन गर्ने सम्भावित सर्तबारे अप्रत्यक्ष रूपमा छलफल गरिरहेका छन् ।

यसैबीच इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का नवनियुक्त प्रमुख मोहसेन रेजाईले पनि तेहरानले आफ्ना सबै सर्त पूरा नभएसम्म हर्मुजको जलघाँटी पूर्ण रूपमा नखोल्ने चेतावनी दिनुभएको छ ।

रेजाईले एक्समा प्रकाशित सन्देशमार्फत इरानको माग स्पष्ट गर्दै अमेरिका-इरान युद्ध र नाकाबन्दी अन्त्य हुनुपर्ने, इरानका रोक्का गरिएका सम्पत्ति फुकुवा गरिनुपर्ने तथा लेबनान र गाजामा क्षेत्रीय युद्धविराम हुनुपर्ने बताउनुभयो । उहाँले ती सबै सर्त पूरा नभएसम्म जलघाँटी बन्द रहने दाबी गर्नुभएको हो ।

हर्मुजको जलघाँटी यसअघि पनि विभिन्न सैन्य तथा राजनीतिक तनावका कारण विश्वको सबैभन्दा संवेदनशील भूराजनीतिक समुद्री मार्गमध्ये एक बन्दै आएको छ । यहाँ हुने सैन्य तनावले विगतमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढाउनुका साथै विश्वव्यापी आपूर्ति प्रणालीमा चिन्ता उत्पन्न गराउँदै आएको छ ।

पछिल्लो तनावपछि जलक्षेत्रमा नौसैनिक गस्ती बढाइएको छ भने केही व्यापारिक जहाजले आफ्नो मार्ग र सुरक्षा व्यवस्थामा समेत परिवर्तन गरेका छन् । यसैबीच अन्तर्राष्ट्रिय समुदायले सम्बन्धित पक्षलाई संयम अपनाउँदै वार्तामार्फत तनाव कम गर्न आग्रह गरिरहेको छ ।

हाल महत्त्वपूर्ण समुद्री मार्गमा व्यापारिक ढुवानी कडा सुरक्षा निगरानीबीच सञ्चालनमा रहेको बताइएको छ । यद्यपि जलघाँटी आसपासको अवस्था अत्यन्त अस्थिर रहेकाले समुद्री आवागमन कहिलेसम्म नियमित रूपमा सञ्चालन हुन सक्छ भन्नेमा अनिश्चितता कायम छ । अमेरिका र इरानबीच जारी अप्रत्यक्ष वार्ताले तनाव घटाएर समुद्री मार्गलाई नियमित रूपमा खुला राख्ने वातावरण बनाउन सक्छ कि सक्दैन भन्ने विषय अहिले कूटनीतिक चासोको केन्द्रमा रहेको छ ।

# इन्टर मियामीमा मेसीको पुनः पदार्पण, मियामी लिग कपबाट बाहिरियो



एएफपी । फुटबलमा जादुमयी प्रदर्शनका पर्याय लियोनेल मेसीले बुबाको मृत्युपछि बुधबार उहाँ आवद्ध रहेको क्लब मियामीको खेलमा सहभागी हुनुभएको छ ।

उहाँको सहभागिताका बाबजुद मेक्सिकोको लियोनले मियामीलाई ३-२ ले पराजित गरेको छ । यससँगै मियामी लिग्स कपबाट बाहिरिएको छ ।

आर्सिलाका दुई गोलले इन्टर मियामीलाई प्रतिस्पर्धामा अब्बल सावित गरेपनि लियोनले ३-२ गोल अन्तरले इन्टर मियामीलाई पराजित गरेको छ ।

इन्टर मियामीका कप्तान मेसी आफ्ना बुबा जर्जको आइतबार भएको अन्तिम संस्कारमा भाग लिएर मङ्गलबार राति अर्जेन्टिनाबाट फ्लोरिडा फर्किनुभएको थियो भने खेलको पहिलो ४५ मिनेटपछि भव्य स्वागतका साथ मैदानमा उत्रिनुभएको थियो ।

छोरा मेसीका एजेन्ट जर्जको गत साता ६८ वर्षको उमेरमा निधन भएको थियो ।

बुधबार बिहान मेसीले सामाजिक सञ्जालमा बुबालाई भावुक श्रद्धाञ्जलि पोस्ट गर्दै आफूले फुटबल खेल्न जारी राख्ने वा नराख्ने अनिश्चित बनेको बताउनुभएको थियो ।

"तपाई बिना मैले के गर्ने थाहा छैन, कसरी अगाडि बढ्ने थाहा छैन," मेसीले लेख्नुभएको थियो ।

उहाँले भन्नुभयो, "मैले केबल तपाईको अभिभावकत्वमा फुटबल खेल्दै आएको थिएँ अब लामो समयसम्म यसलाई जारी राख्नेबारे गम्भीर शङ्का छ।"

खेलको सुरूवाती चरणमा मियामी १-० ले अगाडि थियो तर कोलम्बियाली स्ट्राइकर इयानियल आर्सिलका दुई गोलले लियोनलाई जित दिलायो । यसले लियोनलाई 'एमएलएस' र 'लिगा एमएक्स' क्लबहरूबीचको यस प्रतियोगिताको क्वार्टर-फाइनलमा पुग्ने पहिलो टिम बनाएको छ ।

मियामीका लागि एक गोलको योगदान गरेका यानिक ब्राइटले मेसीको फिर्तीलाई ' अविश्वसनीय' भन्नुभयो । उहाँले आफू र अन्य सहकर्मीहरू आफ्ना कप्तानलाई सहयोग मात्र गर्न चाहेको बताउनुभएको छ।

"मैले यस्तो अपेक्षा गरेको थिइनँ", मेसीको बुबाको निधनपछि बुधबार बिहानको उहाँको खेललाई कसरी निरन्तरता दिने वा आफ्नो खेल यात्रालाई पूर्णविराम लगाउने स्टाटसलाई सङ्केत गर्दै ब्राइटले भन्नुभयो, "यसले उहाँले खेललाई कति लगाव दिनुहुन्छ भन्ने देखाउँछ। जब मैले उहाँ यहाँ हुनुहुन्छ भन्ने देखेँ, म उहाँका लागि पास दिन सबै प्रयास गरिरहेको थिएँ ।"

ब्राइटले भन्नुभयो, "यो कठिन अवस्था हो। हामी उहाँ नजिक रहन र सकेसम्म सहयोग गर्न प्रयास गर्छौं, तर यो उहाँको जीवनका लागि धेरै ठूलो कुरा हो।"

विश्वकपपछि मियामीमा आएका ब्राजिलियाली सहकर्मी कासेमिरोले भन्नुभयो, "यस्तो व्यक्तिगत कठिन समयमा पनि खेल्ने प्रतिबद्धतामा मेसी 'हामी सबैका लागि उदाहरण' हुनुहुन्छ ।

लियोनका कोच जाभियर ग्यान्डोल्फीले पनि मेसीको निरन्तरताका लागि त्यस्तै विचार दोहोऱ्याउनुभएको छ ।

"आज उहाँले फेरि एकपटक देखाउनुभएको छ, उहाँ के बन्न सक्नुहुन्छ," ग्यान्डोल्फीले मेसीबारे भन्नुभयो । "उहाँ अरूभन्दा भिन्न मान्छे हुनुहुन्छ।"

सन् २०२३ मा मेसीको सहभागिता भएयता मियामी पहिलोपटक लिग्स कप उद्घाटन चरणमै बाहिरिएको हो ।

त्यो वर्ष मेसीसँगै फ्लोरिडा फ्रान्चाइजमा स्पेनी सर्जियो बुस्केट्स र जोर्डी अल्बासँगै आएपछि मियामीले ट्रफी उठाएको थियो ।

मियामी सन् २०२५ मा फाइनलसम्म पुगेका थियो तर सियाटल साउन्डर्ससँग ३-० ले हारेका थियो ।

# इरानको मृत्युदण्डविरुद्ध ३२ देश

एएफपी । इरानमा प्रदर्शनकारीलाई मृत्युदण्ड दिने क्रम बढेको भन्दै फ्रान्स, बेलायत र क्यानाडासहित ३२ देशले त्यसको कडा निन्दा गर्दै तेहरानलाई मृत्युदण्डको प्रयोग तत्काल रोक्न र कानूनी आधारबिना हिरासतमा राखिएका सबैलाई रिहा गर्न आग्रह गरेका छन् ।

युरोपेली संघ (इयु) की विदेश नीति प्रमुख काजा कालाससहित ती देशले बुधबार जारी गरेको संयुक्त वक्तव्यमा इरान सरकारले मृत्युदण्डलाई असहमति दबाउने, समुदायमा भय सिर्जना गर्ने तथा मानव अधिकार प्रयोग गर्ने व्यक्तिलाई सजाय दिने माध्यम बनाएको आरोप लगाइएको छ ।


वक्तव्यमा भनिएको छ, "असहमतिलाई चुप गराउन, समुदायलाई डराउन र आफ्नो मानव अधिकार प्रयोग गर्ने व्यक्तिलाई सजाय दिन मृत्युदण्डको प्रयोग कहिल्यै उचित हुन सक्दैन ।" इरानी जनतालाई अभिव्यक्ति स्वतन्त्रता तथा शान्तिपूर्ण भेला हुने अधिकार प्रयोग गर्न स्वतन्त्रता दिन पनि ती देशले आग्रह गरेका छन् ।

आएका छन् । यसै वर्षको सुरुमा भएको राष्ट्रव्यापी सरकारविरोधी प्रदर्शन र फेब्रुअरीमा सुरु भएको मध्यपूर्व युद्धपछि मृत्युदण्ड तथा गिरफ्तारी बढेको उनीहरूको भनाइ छ ।

संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुख भोल्कर टर्कले यसअघि अगस्टमै इरान सरकारले मृत्युदण्डलाई 'डर जगाउने' माध्यमका रूपमा प्रयोग गरिरहेको बताउनुभएको थियो । संयुक्त राष्ट्रसङ्घका अनुसार मार्च १९ यता राष्ट्रिय सुरक्षासम्बन्धी अभियोगमा कम्तीमा ५६ जनालाई मृत्युदण्ड दिइएको छ । तीमध्ये २७ जना विरोध प्रदर्शनसँग सम्बन्धित रहेको जनाइएको छ ।

टर्कका अनुसार यस्तै अभियोगमा थप १०० भन्दा बढी व्यक्तिलाई मृत्युदण्ड दिइने जोखिम छ । संयुक्त राष्ट्रसङ्घ तथा मानव अधिकार संस्थाले ती मुद्दामा निष्पक्ष सुनुवाइ नभएको र अभियुक्तबाट जबर्जस्ती स्वीकारोक्ति गराइएको हुन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

इरानमा गत वर्ष डिसेम्बरको



फ्रान्सेली विदेश मन्त्रालयका अनुसार सुरुमा २६ देश र इयुकी विदेश नीति प्रमुखले वक्तव्यमा हस्ताक्षर गर्नुभएको थियो । त्यसपछि अन्य देशसमेत सहभागी भएपछि हस्ताक्षरकर्ता राष्ट्रको सङ्ख्या ३२ पुगेको हो । अस्ट्रेलिया, न्युजिल्यान्ड, आयरल्यान्ड, इटाली, जर्मनीलगायत युरोपेली राष्ट्रहरूले इरानलाई मृत्युदण्डको प्रयोग तत्काल अन्त्य गर्न र कानूनी आधारबिना पक्राउ गरिएका व्यक्तिलाई रिहा गर्न आग्रह गरेका छन् ।

तर इरानका विदेशमन्त्री अब्बास अराघचीले अन्तर्राष्ट्रिय आलोचनाको खण्डन गर्नुभएको छ । उहाँले सामाजिक सञ्जाल एक्समार्फत फ्रान्सलगायत देशले मानव अधिकार र अन्तर्राष्ट्रिय कानूनका विषयमा अरूलाई उपदेश दिन बन्द गर्नुपर्ने बताउनुभयो ।

गाजामा इजरायलको कारबाहीप्रति पश्चिमी देशको समर्थन तथा इरानविरुद्धको सैन्य कारबाहीलाई औँल्याउँदै उहाँले ती देशले मानव अधिकारका विषयमा नैतिक उच्च आधार प्रस्तुत गर्ने अधिकार गुमाइसकेको दाबी गर्नुभयो ।

इरानमा पछिल्ला महिनामा मृत्युदण्डको सङ्ख्या बढेको भन्दै संयुक्त राष्ट्रसङ्घ र मानव अधिकार संस्थाले निरन्तर चिन्ता व्यक्त गर्दै अन्त्यतिर जीवनयापनको बढ्दो लागतका कारण सुरु भएको विरोध प्रदर्शन पछि व्यापक सरकारविरोधी आन्दोलनमा परिणत भएको थियो । इरानी अधिकारीहरूले प्रदर्शन तथा त्यसपछिको हिंसामा तीन हजारभन्दा बढी मानिसको मृत्यु भएको बताएका छन् । उनीहरूले हिंसाका लागि संयुक्त राज्य अमेरिका र इजरायलबाट भएका 'आतङ्कवादी कार्य' लाई जिम्मेवार ठहराएका छन् ।

तर इरानबाहिर रहेका मानव अधिकार संस्थाले मृतकको सङ्ख्या अझ बढी रहेको दाबी गर्दै सुरक्षा बलले प्रदर्शनकारीमाथि गोली चलाएको बताएका छन् । फ्रान्सेली विदेशमन्त्री जिन-नोएल बारोटले न्याय र मर्यादाको माग गर्दै सडकमा उत्रिएका इरानी जनतामाथि भएको दमनको सात महिना बितिसक्दा पनि सरकारले बढ्दो सङ्ख्यामा मृत्युदण्ड दिइरहेको बताउनुभएको छ ।

संयुक्त राज्य अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि संयुक्त आक्रमण गरेपछि मध्यपूर्वमा युद्ध सुरु भएको थियो । त्यसयता युद्ध र सरकारविरोधी प्रदर्शन दुवैसँग सम्बन्धित आरोपमा इरानमा गिरफ्तारी तथा मृत्युदण्डको संख्या बढेको अधिकार संस्थाहरूको भनाइ छ ।

# युएसएस लिंकनको अवस्थामाथि प्रश्न



एएफपी । अमेरिकी नौसेनाको विमानवाहक पोत युएसएस अब्राहम लिङ्कनमा लामो समयदेखि जारी तैनाथीका क्रममा खाद्यान्न अभाव, पानी तथा प्लम्बिङ समस्या र मानसिक स्वास्थ्य सङ्कट देखिएको रिपोर्ट सार्वजनिक भएपछि कंग्रेसका डेमोक्रेट सांसदहरूले जहाजमा रहेका सैनिकको अवस्थाबारे जवाफ मागेका छन् ।

सिनेटर रिचर्ड ब्लुमेन्थलले बुधबार रक्षामन्त्री पीट हेग्सेथलाई पत्र लेख्दै विमानवाहक पोतमा रहेका सैनिकको अवस्थाबारे नौसेनालाई जवाफदेही बनाउन आग्रह गर्नुभएको हो । उहाँका अनुसार युएसएस अब्राहम लिङ्कन २५० दिनभन्दा बढी समयदेखि तैनाथ छ र २०० दिनभन्दा बढी समयसम्म बन्दरगाहमा नरोकी समुद्रमै रहेको अमेरिकी नौसेनाको रेकर्ड बनेको छ ।

ब्लुमेन्थलले लामो तैनाथीका क्रममा जहाजमा आधारभूत सामग्रीको अभाव, पानी प्रदूषण, प्लम्बिङ समस्या, बिग्रँदो मानसिक स्वास्थ्य तथा डेक सुरक्षासम्बन्धी चिन्ता देखिएको विभिन्न रिपोर्टलाई उल्लेख गर्नुभएको छ । उहाँले यति लामो समयसम्म सैनिकलाई समुद्रमै राख्दा उनीहरूको स्वास्थ्य, सुरक्षा र कार्यक्षमतामा पर्न सक्ने असरबारे गम्भीर चासो व्यक्त गर्नुभएको छ ।

सिनेटर रुबेन गालेगोले पनि सामाजिक सञ्जाल एक्समार्फत युएसएस लिङ्कनमा द्विदलीय सिनेट प्रतिनिधिमण्डलबाट औपचारिक निरीक्षण भ्रमण गराउन आग्रह गर्नुभएको छ । उहाँले जहाजमा देखिएको भनिएको चिन्ताजनक अवस्थाको प्रत्यक्ष अनुसन्धान आवश्यक रहेको बताउनुभएको छ ।

युएसएस अब्राहम लिङ्कनले नोभेम्बर २१, २०२५ मा दक्षिण चीन सागरमा तैनाथीका लागि क्यालिफोर्नियाको सान डिएगोबाट यात्रा सुरु गरेको थियो । फेब्रुअरी २८ देखि इरानमा सुरु भएको अमेरिका-इजरायल सैन्य कारबाहीअघि उक्त विमानवाहक पोतलाई मध्यपूर्वतर्फ फर्काइएको थियो ।

लामो समयदेखि घर फर्कन नपाएका सैनिकका परिवारले पनि पछिल्ला दुई बैठकमा नौसेना नेतृत्वसँग जहाजमा रहेका करिब पाँच हजार नाविक तथा मरीनले सामना गरिरहेको कठिन अवस्थाबारे प्रश्न उठाएका थिए । परिवारका सदस्यहरूले खाद्यान्नको अभाव, लामो तैनाथी र आफ्ना आफन्त कहिले घर फर्कन पाउने भन्नेबारे स्पष्ट जानकारी मागेका थिए ।

केही परिवारले जहाजमा रहेका सैनिकमा गम्भीर मानसिक स्वास्थ्य समस्या देखिएको तथा आत्महत्या प्रयाससमेत भएको रिपोर्ट गरेका छन् । यसले लामो समयसम्मको तैनाथीले सैनिकको मानसिक स्वास्थ्यमा पारिरहेको प्रभावबारे थप चिन्ता बढाएको छ ।

गालेगोले बुधबारको आफ्नो पोस्टमा जहाजको अवस्था अत्यन्त गम्भीर रहेको दाबी गर्नुभएको छ । उहाँका अनुसार केही चालक दलका सदस्यले जहाजबाट हामफाल्ने धम्की दिएको रिपोर्टसमेत आएको छ । उहाँले धुवाँले भरिएको स्नानकक्ष, कहिलेकाहीँ मात्र उपलब्ध हुने तातो पानी, सीमित गरिएको खाना र साबुन, बिग्रिएका शौचालय तथा दैनिक १२ देखि १६ घण्टासम्मको कामबारे उल्लेख गर्नुभएको छ ।

गालेगोले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा भइरहेको सैन्य कारबाहीका क्रममा अमेरिकी सैनिकसँग यस्तो व्यवहार हुनु 'घृणित मात्र नभई खतरनाक' समेत रहेको टिप्पणी गर्नुभएको छ ।

अमेरिकी नौसेनाले भने जहाजमा रहेका सैनिकको अवस्थाबारे टिप्पणी गर्न एएफपीले गरेको अनुरोधको तत्काल जवाफ दिएको छैन ।

युएसएस अब्राहम लिङ्कनको लामो समयदेखिको तैनाथी, जहाजमा रहेका सैनिकको आधारभूत सुविधा तथा मानसिक स्वास्थ्यसँग सम्बन्धित रिपोर्ट र परिवारको बढ्दो चिन्ताले अमेरिकी सैन्य अभियानका क्रममा सैनिकको कल्याण र सुरक्षासम्बन्धी प्रश्नलाई पुनः चर्चामा ल्याएको छ ।

# लुम्बिनी लायन्सबाट डिकवेलाले एनपिएल ३ खेल्ने

**टुडे समाचारदाता**



काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) को साविक विजेता लुम्बिनी लायन्सले श्रीलंकाका विकेटकिपर ब्याटर निरोशन डिकवेलालाई तेस्रो सिजनका लागि पनि टोलीमा निरन्तरता दिएको छ।

डिकवेला गत सिजन लुम्बिनीलाई उपाधि जिताउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने मध्ये एक थिए। समूह चरणका ४ खेलपछि टोलीमा आबद्ध भएका उनी आउँदा लुम्बिनी ३ खेलमा पराजित हुँदै संकटमा थियो।

डिकवेलाको आगमनपछि भने लुम्बिनीले लगातार बाँकी ६ खेल जित्दै उपाधि जितेको थियो। अर्थात्, डिकवेला टोलीमा आबद्ध भएपछि लुम्बिनीले कुनै पनि खेलमा हारेन ।

उनले गत सिजन लुम्बिनीबाट ६ खेल खेल्दै १२२ भन्दा बढीको स्ट्राइक रेटमा १ सय ३७ रन बनाएका थिए । उनको ब्याटिङ औसत ३४.२५ थियो, जुन लुम्बिनीका ब्याटरमध्ये सर्वाधिक हो।

लुम्बिनीका लागि डिकवेलाभन्दा बढी रन बनाउनेमा रोहित पौडेलले २ सय ७६ तथा डी'आर्सी शर्टले २ सय ५६ रन बनाएका थिए ।

लुम्बिनी लायन्सका अध्यक्ष ईश्वर जिसीले डिकवेलालाई टोलीमा पुनः स्वागत गर्न पाउँदा खुसी लागेको बताएका छन् । 'निरोशन डिकवेलालाई पुनः लुम्बिनी लायन्समा स्वागत गर्न पाउँदा हामी हर्षित छौँ। गत सिजनमा उनले व्यक्तिगत प्रदर्शन मात्र गरेनन्, टिमलाई एकजुट बनाउन पनि महत्वपूर्ण भूमिका खेलेका थिए,' जिसीले भने, 'उनी च्याम्पियन खेलाडी हुन्, किनभने उनले लुम्बिनी लायन्सबाट खेल्दा कुनै खेल हारेका छैनन् ।

आगामी सिजन पनि उनले यही भूमिका निभाउने अपेक्षा गरेका छौँ ।'

३३ वर्षीय डिकवेला हाल श्रीलंकामा जारी लंका प्रिमियर लिगमा दाम्बुला सिक्सर्सबाट खेलिरहेका छन्। उनले श्रीलंकाका लागि ५४ टेस्ट, ५५ एकदिवसीय अन्तर्राष्ट्रिय र २८ टि ट्वान्टी अन्तर्राष्ट्रिय खेलिसकेका छन् ।

# कोलम्बियामा भूकम्पबाट २६५ जनाको मृत्यु, ५०० बेपत्ता



एएफपी । पश्चिमी कोलम्बियामा गत सोमबार गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या २६५ पुगेको छ भने भग्नावशेषमा फसेका मानिसको खोजी जारी रहँदा करिब ५०० जना अझै बेपत्ता छन् । लगातार आइरहेका परकम्पले उद्धार तथा खोजी कार्यमा चुनौती थपिए पनि सुरक्षाकर्मी र उद्धारकर्मीले प्रभावित क्षेत्रमा अभियान जारी राखेका छन् ।

कोलम्बियाका राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले राज्य टेलिभिजनमार्फत सम्बोधन गर्दै भूकम्पबाट क्षतिग्रस्त अस्पताल, विद्यालय, घर तथा अन्य पूर्वाधार पुनर्निर्माणका लागि आपतकालीन कोष स्थापना गरिने बताउनुभएको छ । उहाँले विपत्तिबाट भएको क्षति सम्बोधन गर्न आर्थिक आपतकालसमेत घोषणा गर्नुभएको छ । यद्यपि उक्त घोषणाअन्तर्गत तत्काल कुन-कुन कदम चालिने भन्ने उहाँले स्पष्ट पार्नुभएको छैन ।

राष्ट्रपति एस्प्रियेलाका अनुसार भूकम्पबाट प्रभावित परिवारको सङ्ख्या २५ हजार ८०० भन्दा बढी पुगेको छ । आधिकारिक विवरणअनुसार तीन हजार ७७० जना घाइते भएका छन् भने नौ हजार ५५० भन्दा बढी घरमा क्षति पुगेको छ ।

कोलम्बियाको प्रमुख कफी उत्पादन क्षेत्रको सहर पेरेरामा ८३ जना र देशको तेस्रो ठूलो सहर कालीमा ७४ जनाको मृत्यु भएको पुष्टि भएको छ । अन्य प्रभावित क्षेत्रमा समेत ठूलो जनधनको क्षति भएको अधिकारीहरूले बताएका छन् ।

कोलम्बियाको भूगर्भीय सर्वेक्षणका अनुसार मुख्य भूकम्पपछि हालसम्म १३० वटा परकम्प रेकर्ड भएका छन् । निरन्तर आइरहेका परकम्पका कारण क्षतिग्रस्त संरचनामा प्रवेश गरी भग्नावशेषमा फसेकाको खोजी गर्न उद्धार टोलीलाई कठिनाइ भइरहेको छ ।

अगस्ट १० मा पश्चिमी कोलम्बियामा ७.४ म्याग्निच्युडको भूकम्प गएको थियो । भूकम्पले काली, पेरेरा र मनिजालेसलगायत सहरमा भवन, घर तथा स्वास्थ्य संस्थामा ठूलो क्षति पुऱ्याएको थियो । चोको क्षेत्रका दुर्गम बस्तीसमेत प्रभावित भएका छन् । त्यहाँ भौगोलिक कठिनाइका कारण उद्धार तथा राहत सामग्री पुऱ्याउन थप चुनौती देखिएको छ ।

उक्त भूकम्पलाई कोलम्बियामा २१औँ शताब्दीमा गएको सबैभन्दा शक्तिशाली भूकम्पमध्ये एकका रूपमा वर्णन गरिएको छ ।

# 'पर्यटन क्षेत्रलाई लगानीमैत्री बनाउन व्यवसायमैत्री पर्यटन ऐन आवश्यक'



काठमाण्डु । पर्यटन व्यवसायीले नेपालको पर्यटन क्षेत्रलाई थप व्यवस्थित, प्रतिस्पर्धी र लगानीमैत्री बनाउन व्यवसायीमैत्री पर्यटन ऐन आवश्यक रहेको बताएका छन् । ट्रेकिङ एजेन्सीज् एसोसियसन अफ नेपाल (टान)ले आज यहाँ आयोजना गरेको 'पर्यटन ऐन, २०८१ को मस्यौदामा पदयात्रासम्बन्धी व्यवस्था'का सन्दर्भमा विज्ञसँग आयोजना गरेको अन्तरक्रियामा व्यवसायीले व्यवसायीमैत्री पर्यटन ऐन आवश्यक रहेको बताएका हुन् ।

टानका अध्यक्ष सागर पाण्डेले पर्यटन ऐनको मस्यौदामा नेपालको पर्वतीय पदयात्राका बारेमा अधिकांश विषय नआएको भन्दै ऐनमा भएका व्यवस्थालाई पुनर्विचार गर्नुपर्ने बताउनुभयो । उहाँले मुलुकको पर्यटन प्रवर्द्धनमा पदयात्रा पर्यटनको महत्वपूर्ण योगदान रहेको भन्दै पर्यटन ऐनले पदयात्रा पर्यटनलाई समेट्नुपर्नेमा जोड दिनुभयो ।

पर्यटन व्यवसायी निमा लामाले नेपाललाई आरोग्य र योगा पर्यटनको केन्द्रका रूपमा विकास गर्नुपर्ने बताउनुभयो । उहाँले पर्यटन क्षेत्रसँग सम्बन्धित ऐन निर्माण गर्दा सरोकार भएका निकायका प्रतिनिधिसँग पर्याप्त छलफल हुनुपर्ने उल्लेख गर्नुभयो ।

वरिष्ठ पर्यटन व्यवसायी रमेश धमलाले पर्यटन ऐनलाई व्यवसायमैत्री बनाउनका लागि सम्बन्धित मन्त्रालय र व्यवसायीबीच छलफल तथा समन्वय हुनुपर्नेमा जोड दिनुभयो । पर्यटन व्यवसायी दिपक महतले पर्यटन ऐनले नेपालको समग्र पर्यटन क्षेत्रलाई समेट्नुपर्ने बताउनुभयो ।

टानका पूर्वअध्यक्ष सुमन पाण्डेले पर्यटन व्यवसाय सञ्चालनमा देखिएका प्रशासनिक समस्या, अनुमति तथा नवीकरण प्रक्रियाका जटिलता, विभिन्न निकायबीचको समन्वय अभाव र नीतिगत अस्पष्टता हटाउन नयाँ ऐन आवश्यक रहेको भन्दै उक्त ऐन व्यवसायीमैत्री हुनुपर्ने बताउनुभयो ।

नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष फुर ग्याल्जे शेर्पाले पर्यटन ऐन समग्र पर्यटन क्षेत्रका लागि मार्गदर्शन गर्ने ऐन भएकाले यसभित्र देखिएका अस्पष्टतालाई हटाउन पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाबी एकता हुनुपर्ने बताउनुभयो ।

टानका पूर्वअध्यक्ष ज्योती अधिकारी, चन्द्र रिजाल, नवराज दाहाल, खुमबहादुर सुवेदी, पूर्वमहासचिव मोहन लम्साल, सरीता लामा, विनोद सापकोटालगायत व्यक्ताले पर्यटन ऐनले नेपालको पर्यटन क्षेत्रलाई दिशानिर्देश गर्ने भएकाले यसलाई पर्याप्त छलफलपछि मात्र ल्याउनुपर्ने बताउनुभयो ।

पर्यटन व्यवसायी आङ छिरिङ शेर्पा, लाक्पा फुटु शेर्पा, नेपाल पर्यटन बोर्डका पूर्वसञ्चालक समिति सदस्य ऋषिराम भण्डारी, पर्यटन व्यवसायी चेवन देवकोटालगायतले पर्यटन व्यवसायीलाई प्रोत्साहन गर्ने, लगानीको सुरक्षा सुनिश्चित गर्ने र व्यवसाय सञ्चालनका लागि सहज वातावरण बनाउने गरी ऐन निर्माण हुनुपर्नेमा जोड दिनुभयो । रासस

# नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको दैनिक काममा जटलिता नरहेको राष्ट्र बैंकको स्पष्टोक्ति




काठमाण्डु । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लमिटेडका सञ्चालकहरू तथा प्रमुख कार्यकारी अधिकृतविरुद्ध काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर भएको विषयमा नेपाल राष्ट्र बैंकले आफ्नो धारणा सार्वजनिक गरेको छ ।

राष्ट्र बैंकका अनुसार उक्त विषयमा जानकारी प्राप्त भएको र बैंकको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा राष्ट्र बैंकले नजिकबाट अनुगमन गरिरहेको छ । साथै, विद्यमान कानुनी व्यवस्थाका सन्दर्भमा आवश्यक राय-सुझाव लिई छलफल भइरहेको राष्ट्र बैंकले जनाएको छ ।

राष्ट्र बैंकले बैंकको तरलताको अवस्था तथा वित्तीय सबलताका परिसूचकहरू तोकिएको मापदण्डअनुसार सन्तोषजनक रहेको जनाएको छ । बैंकको दैनिक कार्य सञ्चालनमा कुनै पनि प्रकारको जटिलता उत्पन्न हुने अवस्था नदेखिएको पनि राष्ट्र बैंकको स्पष्टोक्ति छ ।

जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा विद्यमान बैंक सञ्चालनको दैनिक अवस्थासहित मुद्दाको प्रकृति, समयावधि र गम्भीरताका आधारमा राष्ट्र बैंकबाट थप छलफल तथा कानुनी राय लिइने जनाएको छ । राष्ट्र बैंकले कानुनबमोजिम सञ्चालक समिति, उच्च व्यवस्थापन तथा बैंक सञ्चालनका सम्बन्धमा आवश्यक उपाय अवलम्बन गरिने व्यहोरा समेत जानकारी गराएको छ । रासस

# नेपाल चेम्बर अफ कमर्स र बागमती विश्वविद्यालयबीच रणनीतिक समझदारी




काठमाण्डु । नेपाल चेम्बर अफ कमर्स र बागमती विश्वविद्यालयबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

उद्यमशीलता विकास, नवप्रवर्तन प्रवर्द्धन, सीप विकास तथा उद्योग-शैक्षिक सहकार्यलाई संस्थागत रूपमा सुदृढ बनाउने उद्देश्यले समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

पाँचवर्षे समझदारीपत्रमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल तथा बागमती विश्वविद्यालयका अध्यक्ष प्रा डा चन्द्रमणि पौडेलले हस्ताक्षर गर्नुभएको हो ।

समझदारी पत्रमा दुवै संस्थाले शैक्षिक क्षेत्र, उद्योग, स्टार्टअप, लगानी समुदाय तथा नीतिनिर्माताबीच समन्वयात्मक वातावरण निर्माण गर्दै उद्यमशीलता, व्यावसायिक विकास, नवप्रवर्तन क्षमता अभिवृद्धि तथा संस्थागत उत्कृष्टताका क्षेत्रमा दीर्घकालीन सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाल चेम्बर अफ कमर्सले आफ्ना सदस्य तथा सरोकारवालाको तालिम आवश्यकता पहिचान गर्ने, संयुक्त कार्यक्रममा सहभागिता बढाउने, व्यावसायिक वातावरणसँग सम्बन्धित कार्यक्रम सञ्चालनमा सहकार्य गर्ने तथा बागमती विश्वविद्यालयका विद्यार्थीका लागि इन्टर्नसिप तथा रोजगारी सहयोग केन्द्र स्थापना गर्न सहयोग गर्नेछ ।

त्यसैगरी, बागमती विश्वविद्यालयले शैक्षिक विशेषज्ञता उपलब्ध गराउने, तालिम तथा कार्यकारी शिक्षा कार्यक्रम सञ्चालन गर्ने, स्टार्टअप तथा नवप्रवर्तनका लागि परामर्श र मार्गदर्शन प्रदान गर्ने, उद्योग शिक्षा सहकार्यमा आधारित अनुसन्धानलाई प्रोत्साहन गर्ने तथा सेमिनार, नीति संवाद र सम्मेलन आयोजना गर्ने प्रतिबद्धता जनाएको छ ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले आवश्यकताअनुरूप विश्वविद्यालयले परम्परागत शिक्षा प्रणालीभन्दा बाहिर निस्किएर उद्यमशीलता र नवप्रवर्तनमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।रासस

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०४/२९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०५/०४ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी | २०८३/०५/०८ गते, सोमबार दिनको ३ बजे |

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : आईशा सेल्स ट्रेडिङ प्रा.लि.**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>दर्ता नं. २५६०९९/०७७/०७८, दर्ता मिति : २०७७/११/०४, पान नं. ६०९९३८००५, दर्ता मिति : २०७७/११/०४<br>ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ वडा नं. ५, महेन्द्रनगर, **संचालक : श्याम सुन्दर महतो** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : श्याम सुन्दर महतो**<br>ना.प्र.नं. १७३०८७/६०३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२९<br>बाबुको नाम : नबल किशोर महतो<br>बाजेको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ | **२. नाम : सुनिता सिंह**<br>ना.प्र.नं. १७३०७८७/९०८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/०१<br>पतिको नाम : श्याम सुन्दर महतो<br>ससुराको नाम : नबल किशोर महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| | **३. नाम : नबल किशोर महतो**<br>ना.प्र.नं. १७३०८७/४५६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२८<br>बाबुको नाम : राम नारायण महतो<br>बाजेको नाम : बशंराज महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ | **४. नाम : रेखा कुमारी महतो**<br>ना.प्र.नं. १७३०८७/९०६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/०१<br>पतिको नाम : राम पुकार महतो<br>ससुराको नाम : नवल किशोर महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| | **५. नाम : शोभा कुमारी**<br>ना.प्र.नं. १७-०१-७७-०१७७४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०७७/०६/०९<br>पतिको नाम : राम मनोज महतो<br>ससुराको नाम : नवल किशोर महतो<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. ५ | **६. नाम : राम कुमारी देवी कोइरीन**<br>ना.प्र.नं. १०९८३-८२८८११२७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०३४/०६/१८<br>पतिको नाम : नवल किशोर महतो<br>ससुराको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| | **७. नाम : राम पुकार महतो**<br>ना.प्र.नं. १७३०८७/६१८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२९<br>बाबुको नाम : नबल किशोर महतो<br>बाजेको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ | **८. नाम : राम मनोज महतो**<br>ना.प्र.नं. १७३०८७/६१३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२९<br>बाबुको नाम : नबल किशोर महतो<br>बाजेको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| | **धितोको विवरण** | |
| | १. आईशा सेल्स ट्रेडिङ्गको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ८२२ र ५४७ को क्षेत्रफल क्रमशः ०-०-११-४ र ०-३-६-८ विगाहा, धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ७९४ को क्षेत्रफल १-३-१३-० विगाहा तथा धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १६ स्थिल कित्ता नं. २९५ र ३४० को क्षेत्रफल क्रमशः ८४.६५ र २२५.६५ वर्गमिटर भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. राम मनोज महतोको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, बडहरामाल गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १९५ को क्षेत्रफल ०-४-१६-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. नबल किशोर महतोको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९६३, ३९३, ९५८ र ९६० को क्षेत्रफल क्रमशः ०-१-१०-०, ०-१-११-०, ०-०-११-४ र ०-३-०-० विगाहा, धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ९६४ को क्षेत्रफल ०-१-१०-० विगाहा, धनुषा जिल्ला, दिगम्बरपुर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २३१ को क्षेत्रफल ०-१३-०-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>४. राम पुकार महतोको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, नकटाझिझ गा.वि.स. वडा नं. १ ख स्थित कित्ता नं. ४८१ को क्षेत्रफल ०-९-१५-८ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## बलवा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**बलवा, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

## हाट बजार ठेक्काको आन्तरिक आय बन्दोबस्त सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२८ गते)

उपरोक्त सम्बन्धमा मिति २०८३/०४/२७ गतेको बलवा नगरकार्यपालिकाको बैठकको निर्णयानुसार आ.व. २०८३/०८४ को लागि तपसिलमा उल्लेखित बजारहरुको सिलबन्दी बोलपत्र/दरभाउपत्रद्वारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपसिलमा उल्लेखित शर्तहरु बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर बुझाई बोलपत्र/दरभाउपत्र खरीद गरी आफूले कबोल गरेको दररेट भरी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू :-**

१. बोलपत्र/दरभाउपत्र साथ ठेक्का लिने व्यक्ति/फर्म/संस्थाले इजाजत प्रमाणको प्रतिलिपि, पान नं./भ्याट नं. को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।
२. बोलपत्र/दरभाउपत्र फारम यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन दिनको ५:०० बजेसम्म यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको आन्तरिक राजस्व खाता नं १२७०१००३०१०१०००२(ग-१-१) मा रु १५०० जम्मा गरी सोको भौचर वा नगद जम्मा गरेको राजस्व बिल जम्मा गरी खरिद गरी ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । उक्त बोलपत्र/दरभाउपत्र यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा सोही दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ । तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि उक्त शिलबन्दी बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्र/दरभाउपत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३-१२७०१००३०३००००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगदै खाम बन्दी गरी पेश गर्नु पर्ने छ ।
४. सिलबन्दी नगरी वा म्याद भित्र प्राप्त नभएका बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
५. एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र/दरभाउपत्र अर्को व्यक्ति वा फर्मले प्रयोग गर्न सक्ने छैन ।
६. बोलपत्र/दरभाउपत्रमा दर रेट अंक र अक्षरमा प्रष्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।
७. बोलपत्र/दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट गरिने छ ।
८. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित कानून तथा आर्थिक ऐन-नियमावली बमोजिम हुनेछ र थप कुरा बुझ्न परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।
१०. सरकारी पेश्की, बेरुजु, बाँकी रहेको व्यक्ति वा फर्मलाई ठेक्का दिइने छैन ।
११. ठेक्का स्वीकृत भए पछि सम्झौतामा उल्लेखित रकम ३ किस्तामा नगद यस कार्यालयको बैंक खातामा बुझाई बैंक भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
१२. प्रत्येक खण्डको छुट्टा छुट्टै बोलपत्र/दरभाउपत्र फारम खरिद गरी छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।
१३. ठेक्का स्वीकृत भएको सात दिनभित्र स्वीकृत भएको बोलपत्र/दरभाउपत्र दातालाई सोको सूचना दिइने छ । ७ दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरी त्यस पछिको बोलपत्र दातालाई सूचना दिइने छ । ठेक्का बन्दोबस्तको सम्झौता भए पछि मात्र बाँकीको धरौटी रकम फिर्ता हुने छ ।
१४. पोखरी ठेक्का अवधि सम्झौता भएको मिति देखि ३ (तीन) वर्षका लागि कायम गरिएको छ ।
१५. पोखरी ठेक्काको सम्झौता भए पछि पहिलो किस्ता यस कार्यालयको आन्तरिक राजस्व खातामा जम्मा गर्नु पर्नेछ र बाँकी अवधिको लागि दोस्रो र तेस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा सम्झौता मिति देखि ३ बर्ष सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) वा अचल सम्पत्ति धितोमा राखी पेश गरे पछि मात्र चलन पुर्जी दिइनेछ ।
१६. ठेक्कामा लाग्ने नियमानुसारको मूल्य अभिवृद्धि कर र अग्रिम आय कर वा प्रचलित कानून अनुसार लाग्ने अन्य करहरु ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।
१७. पट्टामा उल्लेखित दररेट र सम्झौता शर्तहरु अनुसार मात्र कार्य गर्न पाउने छ । कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेमा ठेक्का कुनै पनि बेला तोड्न सकिनेछ ।
१८. सूचनामा उल्लेख नभएका विषय प्रचलित ऐन-कानून बमोजिम हुनेछ ।

**तपसिलः-**

| सि.नं. | पोखरीको नाम | न्युनत्तम कबोल अंक रु. (मु.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | रौजा बिरेन्द्र बजार | २०,४०,५००.०० | १५००.०० | कबोल रकमको ५ % हुने आउने रकम | |
| २ | धमौरा बजार | ४,१९,१००.०० | १५००.०० | कबोल रकमको ५ % हुने आउने रकम | |

**प्रमुख प्रशासकीय अधिकृत**

# मन्त्रालय घटाउने तयारी अन्तिम चरणमा



टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् पुनर्गठन गर्दै मन्त्रालयको संख्या घटाउने तयारी अन्तिम चरणमा पुगेको छ । हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय रहेकोमा त्यसलाई घटाएर ९ वटामा सीमित गर्ने सरकारको तयारी तीव्र पारेको छ ।

सत्ता गठबन्धनमा रहेका नेपाली काँग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच मन्त्रिपरिषद् पुनर्गठनबारे अन्तिम चरणको छलफल भइरहेको बताएका छन् । आगामी दुई/तीन दिनभित्र गठबन्धनका शीर्ष नेताबीच सहमति जुटाएर मन्त्रिपरिषद् पुनर्गठन गरिने एक मन्त्रीले जनाएको छ ।

उनले भने 'मन्त्रालयको संख्या घटाउँदा नेकपाबाट दुई र नेकपा एमालेबाट एक मन्त्रीलाई सरकारबाट फिर्ता बोलाउने गरी गृहकार्य भइरहेको छ । पुनर्गठनपछि नेपाली काँग्रेसले मुख्यमन्त्रीसहित चार, एमालेले तीन र नेकपाले दुई मन्त्रालय पाउने गरी भागबण्डाको तयारी गरिएको छ ।'

हाल काँग्रेससँग मुख्यमन्त्रीसहित स्वास्थ्य तथा जनसंख्या, भूमि व्यवस्था, कृषि तथा सहकारी र वन तथा वातावरण मन्त्रालय छन् । एमालेको भागमा पूर्वाधार विकास, समाज कल्याण तथा खेलकुद, शिक्षा तथा संस्कृति र श्रम तथा संस्कृति मन्त्रालय छन् । त्यस्तै, नेकपाले अर्थ, ऊर्जा, सिँचाइ तथा खानेपानी, उद्योग, वाणिज्य तथा पर्यटन तथा गृह, सञ्चार तथा कानुन मन्त्रालय सम्हालिरहेको छ ।

सरकारले मन्त्रालयको संख्या घटाउन विभिन्न मन्त्रालयलाई एकआपसमा गाभ्ने तयारी गरेको छ । प्रतिवेदन तयार पार्ने उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले गरेको प्रस्ताव अनुसार गृह, सञ्चार तथा कानुन, शिक्षा तथा संस्कृति, समाज कल्याण तथा खेलकुद, श्रम तथा यातायात, उद्योग तथा पर्यटन र वन तथा वातावरणसम्बन्धी मन्त्रालयलाई समायोजन गरी तीनवटा मन्त्रालय बनाउने तयारी छ ।

मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनका लागि अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले गत असार १८ गते मुख्यमन्त्रीसमक्ष ९ मन्त्रालय कायम गर्न सुझावसहितको प्रतिवेदन पेस गरिसकेको छ ।

त्यसपछि मन्त्रालयको कार्यविभाजनलाई थप व्यवस्थित बनाउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिव सम्मिलित अर्को कार्यदल गठन गरिएको छ । उक्त कार्यदलको काम पनि अन्तिम चरणमा पुगेको बताइएको छ ।

मन्त्री पटेलका अनुसार कार्यदलले केही दिनभित्रै सरकारलाई प्रतिवेदन बुझाउने तयारी गरेको छ । तर, प्रतिवेदन आउनुअघि नै ९ मन्त्रालय कायम गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठन गर्न कानुनी तथा प्रशासनिक रूपमा बाधा नरहेको उनको भनाइ छ ।

यसैबीच, मन्त्रालयको संख्या घटेपछिसरकारबाट फिर्ता बोलाइने मन्त्री र नयाँ जिम्मेवारी पाउने व्यक्तिका विषयमा गठबन्धनका दलहरूले आन्तरिक छलफलमा जुटेका छन् । खासगरी एमाले र नेकपाभित्र नयाँ मन्त्रीको सम्भावित नामबारे गृहकार्य भइरहेको स्रोतको दावी छ ।

मन्त्रालयको संख्या घटाएर प्रशासनिक खर्च कम गर्ने र सरकारको कामकारबाहीलाई थप प्रभावकारी बनाउने उद्देश्यले पुनर्गठन गर्न लागिएको सरकारको दाबी छ । तर, मन्त्रीको संख्या घटाउने क्रममा कुन मन्त्रालय गाभिने र कसले जिम्मेवारी पाउने भन्ने विषयमा अन्तिम राजनीतिक सहमति भने छलफलमै छ ।

# ७ वर्षमा पनि बनेनन् दुधमती पुल, आवात जावतमा सास्ती

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामस्थित दुधमती नदीको पक्की पुल शिलान्यासको ७ वर्ष बितिसक्दा पनि अहिलेसम्म निर्माण हुन सकेको छैन ।



ढल्केबर-जनकपुर-जटही ६ लेन सडक सञ्चालनमा आएको लामो समय भइसक्दा पनि सोही सडकखण्डमा पर्ने विन्धीबाट एयरपोर्ट हुँदै नगराईन जाने बाटोमा रहेको सो दुधमती खोलाको पुल निर्माण पूरा हुन सकेको छैन ।

जनकपुरधामलाई भारतसँग जोड्ने भिट्ठामोड, मटिहानी र जटही नाकासम्मको आवागमन तथा व्यापार र धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण मानिएको सडकमा पुल नबन्दा आवात जावत गर्न निकै सास्ती स्थानीयलाई भोग्नु परिरहेको छ ।

स्थानीयका अनुसार पछिल्लो चार वर्षयता पुल निर्माणस्थलमा कुनै उल्लेख्य काम भएको छैन । निर्माणका लागि राखिएका फलामे डण्डीमा खिया लागेको छ भने पुल वरिपरि झारपात उम्रिएर क्षेत्र नै खण्डहरजस्तो देखिन थालेको छ । निर्माणस्थलमा राखिएका जेसीबी, ट्याक्टर तथा करिब १५ देखि २० टन फलामे सामग्रीसमेत लामो समयदेखि प्रयोगविहीन अवस्थामा त्यसै फालिएको छ । ती सामाग्रीमा खिया लागेर काम नलाग्ने भइसकेको छ ।

निर्माण सामग्रीको सुरक्षाका लागि पुल क्षेत्रमा चौकीदार राखिएको छ । यसअघि पुल निर्माणस्थलको छेउबाट बनाइएको डाइभर्सनमार्फत पैदलयात्रु, साइकल तथा मोटरसाइकल आवतजावत गर्ने गरेका थिए । तर, वर्षायाम सुरु भएपछि डाइभर्सनमा पानीको सतह बढ्दा पछिल्लो दुई-तीन सातादेखि सामान्य आवतजावतसमेत बन्द भएको छ ।

यसको प्रत्यक्ष मारमा स्थानीय विद्यार्थी तथा सर्वसाधारण परेका छन् । पुलको वारिपारि रहेका विद्यालय तथा क्याम्पसमा जाने विद्यार्थीलाई घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ । स्थानीयहरूका अनुसार पहिले डाइभर्सनबाट आवतजावत गर्न सकिने भए पनि अहिले पानी बढेपछि त्यो बाटोसमेत बन्द भएको छ ।

सो पुलको शिलान्यास एमाले नेता एवं पूर्व भौतिक पूर्वाधार विकास मन्त्री रघुवीर महासेठले गरेका थिए । दुधमती खोलामा पुल निर्माणका लागि २०७६ जेठ २५ गते नागार्जुन हेम जेबीले १३ करोड ९५ लाख ६४ हजार ३ सय ३८ रुपैयाँमा ठेक्का पाएको थियो ।

सम्झौता अनुसार निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि सरकारले पटकपटक म्याद थप गरेको थियो । पछिल्लो पटक २०८२ माघ १७ गतेसम्म निर्माण सम्पन्न गर्ने समयसीमा दिइएको थियो । तर, उक्त अवधिसम्म पनि निर्माण पूरा नभएपछि सडक डिभिजन कार्यालय जनकपुरले २०८३ असार २६ गते सूचना प्रकाशित गरी ठेक्का सम्झौता रद्द गरेको हो ।

सडक डिभिजन कार्यालय जनकपुरधामका प्रमुख दारोगा प्रसादका अनुसार ठेक्का रद्द गरेपछि ठेकेदारबाट रकम असुलीका लागि अदालतमा मुद्दासमेत दायर गरिएको छ । उनका अनुसार पुल पुनः निर्माणका लागि आवश्यक लागत अनुमानसहितको प्रक्रिया पूरा गरी फाइल सम्बन्धित निकायमा पठाइसकिएको छ ।

मन्त्रालयस्तरबाट प्रक्रिया अघि बढिरहेको र आगामी असोजभित्र नयाँ ठेक्का लाग्ने सम्भावना रहेको उनले बताए । उनले भने 'पुलको अनुगमन तथा निरीक्षण गरेर लागत तयार गरी माथि पठाएका छौं । मन्त्रालयबाट प्रक्रिया अघि बढिरहेको छ । सम्भवतः असोजभित्र नयाँ ठेक्का लाग्छ ।'

**६ वटा ठेक्का रद्द**

सडक डिभिजन कार्यालय जनकपुरधामका अनुसार धनुषामा तोकिएको समयभित्र काम सम्पन्न नगरी आयोजना अलपत्र पार्ने विभिन्न निर्माण कम्पनीका ६ वटा ठेक्का सम्झौता रद्द गरिएको छ ।

नागार्जुन हेम जेबीका मात्रै तीनवटा ठेक्का रद्द भएका छन् । त्यस्तै, सडक तथा पुल सुधारको ठेक्का पाएका स्काई कन्ट्रक्सन एण्ड सप्लायर्स, बाबा बुद्धेश्वरनाथ कन्ट्रक्सन कम्पनी र चुरे कन्ट्रक्सन एण्ड सप्लायर्सका ठेक्का पनि रद्द गरिएको कार्यालयले जनाएको छ ।

रद्द भएका आयोजनाका लागि पुनः ठेक्का प्रक्रिया अघि बढाउने तयारी गरिएको छ । कार्यालयले असोजभित्रै पुनः ठेक्का प्रक्रियालाई अगाडि बढाउने योजना बनाएको जनाएको छ । वर्षौंदेखि विकास आयोजनाहरू अलपत्र पर्दा राज्यको लगानी खेर जाने मात्र नभई स्थानीयले समेत त्यसको प्रत्यक्ष मूल्य चुकाउनुपर्ने अवस्था रहेको स्थानीयको गुनासो छ ।

# ७५ करोडभन्दा बढीको अवैध सामान बरामद

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका आठवटै जिल्लामा सीमा क्षेत्रमा हुने चोरी तस्करी नियन्त्रण गर्न गरिएको निगरानीको क्रममा सशस्त्र प्रहरीले गत एक वर्षमा ७५ करोड रुपैयाँभन्दा बढी मूल्यको अवैध सामान बरामद गरेको छ ।

छिन्नमस्ता बाहिनीअन्तर्गत परिचालित सशस्त्र प्रहरीको टोलीले आर्थिक वर्ष २०८२/८३ मा ७५ करोड २८ लाख ४५ हजार ४७६ रुपैयाँ २० पैसा बराबरका अवैध सामान बरामद गरेको हो । बरामद सामग्री आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकाय तथा भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी मधेश प्रदेशका प्रवक्ता एसएसपी सुभाष भण्डारीका अनुसार भारतबाट भन्सार छली नेपाल भित्र्याइएका कपडा, किराना सामग्री, हार्डवेयरलगायत विभिन्न वस्तु बरामद भएका छन् ।

यस्तै, तेस्रो मुलुकबाट नेपाल हुँदै भारततर्फ चोरी लुकी लैजान खोजिएको ठूलो परिमाणको तरबुजाको बीउसमेत नियन्त्रणमा लिइएको उनले बताए । सीमा क्षेत्रमा तस्करी नियन्त्रणलाई प्रभावकारी बनाउन पछिल्लो समय गस्ती, निगरानी र सूचना संकलन प्रणालीलाई थप सक्रिय बनाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

नेपाल-भारत सीमामा हुने अवैध ओसारपसारसँगै सीमापार आपराधिक गतिविधिमाथि समेत निगरानी बढाइएको छ । मधेश प्रदेशमा डीआईजी विष्णुप्रसाद भट्टले नेतृत्व सम्हालेपछि सीमा सुरक्षालाई प्राथमिकतामा राख्दै अवैध गतिविधिविरुद्ध कडाइ गरिएको सशस्त्र प्रहरीको भनाइ छ ।

नियमित गस्तीका साथै विशेष अभियान सञ्चालन गरी तस्करी नियन्त्रणमा जोड दिइएको छ । सशस्त्र प्रहरीका अनुसार तस्करी तथा अवैध गतिविधिमा संलग्न व्यक्तिसँग मिलेमतो गर्ने सुरक्षाकर्मीमाथि समेत कारबाही प्रक्रिया अघि बढाइएको छ ।

# खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनामा अनियमितताको उजुरी

टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराजस्थित खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लस्टर इकाइमा आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालित विभिन्न कार्यक्रम तथा खर्चमा अनियमितता भएको उजुरी परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कागजात माग गरेको छ ।

अख्तियारको इटहरीस्थित कार्यालयले आयोजनाको क्लस्टर इकाइलाई पत्र पठाउँदै उजुरीका सम्बन्धमा १५ दिनभित्र राय-प्रतिक्रिया तथा प्रमाणित कागजात उपलब्ध गराउन निर्देशन दिएको छ । अख्तियारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (१) को खण्ड (क) बमोजिम कागजात माग गरेको जनाएको छ ।

उजुरीमा आयोजना अन्तर्गत बोकाको खरिद, गहुँको बीउ, तेलहन तथा दलहन बाली, पशु तथा पोषण पाठशाला सञ्चालनलगायत कार्यक्रमका लागि विनियोजित रकममा कर्मचारीसमेतको मिलेमतोमा अनियमितता तथा हिनामिना भएको आरोप लगाइएको छ । किसानलाई उपलब्ध गराउनुपर्ने अत्याधुनिक भाँडाकुँडा खरिदमा समेत अनियमितता भएको दाबी उजुरीमा गरिएको छ ।

अख्तियारले आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत बजेटबाट कुन-कुन कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गरिएको, कुन पालिकामा कार्यक्रम सञ्चालन भएको र आवेदन दिने समूहको नाम-ठेगानासहितको विवरण माग गरेको छ ।

त्यस्तै, स्वीकृत कार्यक्रमअनुसार सम्पन्न भएका कार्यको प्रगति विवरण तथा उपलब्धि र कार्यक्रम सञ्चालनका क्रममा भुक्तानी भएको रकमको विवरणसमेत उपलब्ध गराउन अख्तियारले निर्देशन दिएको छ । कागजात तथा विवरण प्राप्त भएपछि उजुरीमाथि थप छानबिन अघि बढ्ने अख्तियारको पत्रमा उल्लेख छ ।

# मारवाडी महिला मञ्चद्वारा जनकपुरधाममा सावन मेला आयोजन



टुडे समाचारदाता

जनकपुरधाम । मारवाडी सेवा समितिअन्तर्गत मारवाडी महिला मञ्चको आयोजनामा जनकपुरधाममा भव्य रूपमा सावन मेला सम्पन्न भएको छ । आयोजित मेलामा विभिन्न प्रकारका व्यापारिक तथा खानाका स्टल, बालबालिकाका लागि चित्रकला प्रतियोगिता, मनोरञ्जनात्मक खेललगायतका कार्यक्रम सञ्चालन गरिएको थियो ।

मारवाडी महिला मञ्चकी अध्यक्ष शारदा अग्रवालले साउन महिनामा भएको मेलाले समाजमा नयाँपन ल्याउनुका साथै महिला सहभागिता र सिर्जनशीलतालाई समेत प्रोत्साहन गरेको जानकारी दिइन् । महिलाहरूको सक्रिय सहभागितामा आयोजित मेलामा समाजका विभिन्न व्यक्तित्वहरूको उत्साहजनक सहभागिता रहेको उनले बताइन् ।

मेलामा मारवाडी समाजको संस्कृति, परम्परा र दैनिक जीवनसँग जोडिएका विभिन्न सामग्रीका स्टलहरू राखिएका थिए । कपडा, गहना तथा लड्डु गोपालका पोशाकदेखि लड्डु गोपालको झुला, बन्दनवारलगायतका सामग्री प्रदर्शन तथा बिक्रीका लागि राखिएको थियो । यसले मारवाडी समाजमा प्रचलित सामग्री तथा परम्परागत संस्कृतिलाई मेलामार्फत प्रस्तुत गर्ने अवसरसमेत प्रदान गरेको महिला नेतृ रतु मुरारकाले बताइन् ।

त्यसैगरी, मेलामा बालबालिकाको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले चित्रकला प्रतियोगितासमेत आयोजना गरिएको थियो। प्रतियोगितामा ठूलो संख्यामा बालबालिकाले सहभागिता जनाएका थिए । बालबालिकाले उत्साहपूर्वक चित्र बनाएर आफ्नो सिर्जनात्मक क्षमता प्रस्तुत गरेका थिए ।

उनले साउन मेला केवल मनोरञ्जन र किनमेलमा सीमित नभइ मारवाडी समाजलाई नयाँ ढंगले जोड्ने प्रयाससमेत भएको बताइन् । समाजमा महिलाको भूमिका र नेतृत्वलाई अझ सशक्त बनाउने उद्देश्यले महिला मञ्चले विभिन्न रचनात्मक कार्यक्रम गर्दै आएको र सावन मेला त्यसैको एउटा महत्वपूर्ण प्रयास भएको अध्यक्ष अग्रवालले बताइन् ।

रतु मुरारकाले पनि साउन मेला महिला मञ्चको सक्रियता, एकता र व्यवस्थापन क्षमताको उदाहरण भएको बताइन् ।

उनले मेलाको तयारीदेखि स्टल व्यवस्थापन, बालबालिकाको प्रतियोगिता, खानाको परिकार तथा खेलकुदलगायतका गतिविधिमा महिला मञ्चका सदस्यहरूले सक्रिय भूमिका निर्वाह गरेको बताइन् । महिलाहरूले सामूहिक रूपमा जिम्मेवारी बाँडेर कार्यक्रमलाई व्यवस्थित रूपमा सम्पन्न गरेका थिए ।

मारवाडी महिला मञ्चले महिलाहरू घरपरिवारको जिम्मेवारीमा सीमित नभइ सामाजिक तथा सामुदायिक गतिविधिमा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छन् भन्ने सन्देश सावन मेलामार्फत दिएको जनाएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८